# स्थानीय रोजगार रणनीति

२०८२

भेरीगंगा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

छिन्चु, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

२०८२

**भेरीगंगा नगरपालिकाको स्थानीय रोजगार रणनीति - २०८२**

प्रकाशक : भेरीगंगा नगरपालिका,  नगर कार्यपालिकाको कार्यालय, छिन्चु, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

सर्वाधिकार ©: प्रकाशकमा

परामर्शदाता : रायु रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर, बाँके

प्रकाशन मिति : २०८२

फोन : +९७७ – ८३ - ५४०१५४. ईमेल : ito.bherigangamun@gmail.com;

वेवसाईट : www.bherigangamun.gov.np;

भेरीगंगा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

छिन्चु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

# दुई शब्द



नेपालको वर्तमान अवस्थालाई मध्यनजर गर्दा बर्षेनी करिव दशलाख श्रमशक्ति वैदेशिक श्रमवजारमा प्रवेश गर्ने गरेको तथ्याङ्क छ। यस वाहेक छिमेकि देश भारतमा मौषमी रोजगारीमा जाने र बाँकी स्वदेशमै सरकारी गैरसरकारी र नीजिक्षेत्रमा रोजगारीमा संलग्न हुने अवस्था छ। यो तथ्यलाई हेर्दा नेपालमा आन्तरिक रोजगारीको प्रवर्द्धन गर्नु अहिलेको टड्कारो आवश्यकता भएको छ। यसका लागि सवै तह र क्षेत्रबाट योजनावद्ध रुपमा प्रभावकारी कार्यसम्पादन गर्नु जरुरी देखिन्छ।

यस भेरीगंगा नगरपालिकाको रोजगारी सम्वन्धी योजना निर्माण तथा कार्यान्वयनको नीतिगत आधार निर्माण गर्न श्रम तथा रोजगार क्षेत्रमा एकिकृत सेवा प्रवाह गर्न तथा समतामूलक एवम् गुणस्तरीय रोजगार सेवा सञ्चालनका उपयुक्त रणनीतिहरु अपनाउन छुट्टै स्थानीय रोजगार रणनीतिक योजना तर्जुमा गर्न जरुरी भएकोले यस भेरीगंगा नगरपालिका सुर्खेतको स्थानीय रोजगार रणनीति निर्माण गरिएकोछ।

रणनीति निर्माण गर्दा भेरीगंगा नगरपालिका क्षेत्रको रोजगार उद्यमशिलता जस्ता पक्षलाई समावेश गरिएको छ। रणनीति तर्जुमा गर्दा नेपालको राष्ट्रिय तथ्याङ्क सहित स्थानीय तहको अवस्थालाई मुख्य आधारको रुपमा लिइएको छ। यसैगरी नगरपालिका क्षेत्रको रोजगार नक्साङ्कन गरी रोजगारदाता र सरोकारवालासँग सर्वेक्षण तथा प्रश्नावली फारम तथा अन्तरकृया मार्फत तथ्य र सूचना संकलन गरी विश्लेषण गरिएको छ। स्थानीय रोजगार रणनीतिको मस्यौदा माथि छलफल गरी नगर कार्यपालिकाबाट स्थानीय रोजगार रणनीतिलाई अन्तिम रुप प्रदान गरिएको छ।

स्थानीय सीप र श्रमको प्रवर्द्धनः भेरीगंगा समृद्धिको सान सोच राखी आगामि ५ बर्षका लागि तार गरिएको यस योजनाको कार्यान्वयनले नगरपालिकामा रोजगार तथा स्वरोजगारीको क्षेत्रमा अपेक्षित प्रतिफल हासिल हुन सक्ने छ। रणनीतिक योजनालाई मुख्य आधारमानी प्रत्येक बर्ष रोजगारी तथा स्वरोजगारीको क्षेत्रमा आवश्यक कार्यक्रमको निर्माण र कार्यान्वयन गर्न नगरपालिका प्रतिवद्ध छ। यस कार्यमा सवै सरोकारवालाको साथ, समन्वय र सहयोगको अपेक्षा गरिएकोछ। धन्यवाद्।

यज्ञ प्रसाद ढकाल

नगर प्रमुख

# भेरीगंगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

छिन्चु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

# मन्तव्य



नेपालको संविधानको धारा ३३ मा रोजगारीको हको व्यवस्था गरेको र उक्त व्यवस्थालाई कार्यान्वयन गर्न रोजगारीको हक सम्वन्धी ऐन २०७५ जारी भई सो बमोजिम संघ प्रदेश र स्थानीय तहबाट विभिन्न कार्यक्रमहरु सञ्चालन भईरहेका छन् । नेपाल सरकारबाट लागू भएको प्रधानमन्त्री रोजगार कार्यक्रम २०७५ सालदेखि हालसम्म स्थानीय तहबाट सञ्चालनमा रहिआएको र विभिन्न तवरले स्वरोजगारमूलक कार्यक्रमहरु समेत सञ्चालित रहेकोमा अझैपनि नेपालको मुख्य समस्या नै वेरोजगारी समस्या विद्यमान छ। यसै सन्दर्भमा यस भेरीगंगा नगरपालिकामा रहेका दक्ष, अर्धदक्ष र अदक्ष युवाहरुमा रहेको वेरोजगारीको समस्यालाई समाधान गर्नु अपरिहार्य बनेको छ, जसका लागि योजनावद्ध रुपमा अगाडि बढ्नुपर्ने कुरालाई मध्यनजरगर्दै आगामी पाँचबर्षीय योजनाको रुपमा यो स्थानीय रोजगार रणनीति तयार गरिएको छ।

रणनीति दस्तावेज तयारीको क्रममा रोजगारदाता सरोकारवालाहरुसँग गरिएको सर्वेक्षणको क्रममा यस नगरपालिकाको मुख्य पेशा कृषि तथा पशुपालन रहेकोले उक्त क्षेत्रमा आवश्यकता अनुसार लगानी गरी रोजगार तथा स्वरोजगार अभिवृद्धि गर्न सकिने देखिएकोछ। यसका साथै घरेलु तथा साना उद्योग क्षेत्रको विकास र सीपमूलक तालिमको क्षेत्रमा युवा सकृयता बढाउनु पर्ने आवश्यकता महसुस भएको छ। सोही आधारमा यस भेरीगंगा नगरपालिकाको स्थानीय रोजगार रणनीति तर्जुमा गरिएकोछ। यस रणनीतिको सोच लक्ष्य र उद्देश्यलाई मध्य नगरगर्दै बार्षिक रुपमा कार्यक्रमहरुको निर्माण तथा कार्यान्वयन गर्न सकेमा नगर क्षेत्रमा रोजगारी सम्वन्धी समस्याको हल हुनेमा विश्वस्त छु।

अन्त्यमा, यस स्थानीय रोजगार रणनीति तर्जुमा गर्ने क्रममा संलग्न तथा सहयोग गर्नुहुने जनप्रतिनिधि, कर्मचारी, रोजगारदाता लगायतका सरोकारवालाहरु सवैमा धन्यवाद् व्यक्त गर्दछु।

धनसरा बोहरा

नगर उपप्रमुख

**भेरीगंगा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

छिन्चु, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

# धन्यवाद  मन्तव्य



स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका अवसरहरुको सिर्जना गर्दै युवाहरुलाई स्वदेशमै उत्पादनमूलक क्षेत्रमा संलग्न गराई आर्थिक विकासमा अग्रसर गराउनु आजको आवश्यकता हो। तर स्थानीय वस्तुको प्रयोगबाट उत्पादन बढाउनु रोजगारी सिर्जनाका नवीन अवधारणाहरुलाई प्रयोगमा ल्याउनु गुणस्तरीय शिक्षामा जोड दिनु सीप तथा तालिममा युवा संलग्नता गराई क्षमता विकास गर्नु घरेलु तथा साना उद्योगहरुको स्थापना तथा सञ्चालनमा उत्प्रेरणा ल्याउनु कृषि तथा पशुपालनमा आधुनिकिकरण गरी उत्पादन बढाउनु र बजारीकरण गर्नु जस्ता प्राविधिक पक्षहरुको कमीका कारण रोजगार तथा स्वरोजगारतर्फ अपेक्षित नतिजा हासिल गर्न नसकिएको अवस्था छ।

रोजगारीको क्षेत्रमा अपेक्षित नतिजा ल्याउनका लागि योजनावद्ध प्रयासको आवश्यकता देखिएको छ। संघ प्रदेश र स्थानीय तहबाट यस क्षेत्रका विभिन्न कार्यक्रमहरु सञ्चालनमा भएपनि युवाहरुले स्वदेशमा रोजगारमैत्री वातावरण पाउन सकिरहेको अवस्था छैन। यसै तथ्यलाई मध्यनजरगर्दै स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीको वातावरण तय गर्ने रणनीतिक रुपमा सोच्नुपर्ने आवश्यकतालाई महसुस गर्दै भेरीगंगा नगरपालिकाको स्थानीय रोजगार रणनीति तयार गरिएको छ।

यस रणनीतिक दस्तावेज तयार गर्न नगरपालिकाको रोजगार सेवा केन्द्र मार्फत सरोकारवालाहरुसँग समन्वय गरी रोजगारदाताहरुसँग सर्वेक्षण गरिएको स्थानीय सरोकारवालाहरुसँग अन्तरकृया गरी सुझाव लिइएको छ। प्राप्त सुझाव, वस्तुस्थितिको विश्लेषण, सामाजिक-आर्थिक अवस्था आदिका आधारमा यो दस्तावेज तयार गरिएको छ। यस कार्यका लागि नगरपालिकाका जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको योगदान महत्वपूर्ण रह्यो । विज्ञ परामर्शदाताको रुपमा रायु रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर बाँके लगायत यस अभियानमा संलग्न सवै प्रति धन्यवाद व्यक्त गर्दछु । भेरीगंगा नगरपालिकाको यो स्थानीय रोजगार रणनीतिको कार्यान्वयनमा समेत सवै क्षेत्रको साथ सहयोगको अपेक्षा गरिएको छ, धन्यवाद् ।

कृष्ण प्रसाद पोख्रेल

प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची

**कार्यकारी सारांश** ........ 1

**खण्ड - १ : रणनैतिक सन्दर्भ (Strategic Context)** ........ 3

१.१ पृष्ठभूमि ........ 3

१.२ रोजगार रणनीतिको आवश्यकता र औचित्य........ 3

१.३ अध्ययन् विधि........ 4

१.४ क्षेत्र ........ 4

१.५ सीमा ........ 4

**खण्ड – २ : वर्तमान अवस्थाको विश्लेषण** ........ 5

२.१ राष्ट्रिय परिदृश्य........ 5

२.२ प्रदेश परिदृश्य........ 6

२.३ स्थानीय परिदृश्य ........ 7

**खण्ड – ३ : रणनैतिक सवालहरु**........ 9

**खण्ड - ४ : सोंच, लक्ष्य र उद्देश्य** ........ 13

४.१ पृष्ठभूमि ........ 13

४.२ चुनौती तथा अवसर ........ 13

४.३ सोच, उद्देश्य तथा रणनीति ........ 13

४.४ स्थानीय रोजगार प्रवर्द्धनका लागि लिइएको सोच लक्ष्य उद्देश्य तथा रणनीतिहरु........ 14

**खण्ड - ५ : रोजगार क्षेत्र सामाजिक सुरक्षा, प्रोत्साहन र उद्यमशिलता** ........ 15

५.१ अवधारणा........ 15

५.२ ऐतिहासिक पृष्ठभूमि र विकासक्रम ........ 15

५.३ नेपालमा सामाजिक सुरक्षा कार्यक्रम........ 15

५.४ सामाजिक सुरक्षा कार्यक्रमको आवश्यकता ........ 16

५.५ प्रोत्साहन, उत्प्रेरणा र सहयोगी वातावरण ........ 16

५.६ आत्मनिर्भरता........ 16

५.७ उद्यमशीलता........ 17

**खण्ड – ६ : रणनैतिक स्तम्भ : प्रमुख रणनीतिहरु**........ 19

**खण्ड – ७ : रोजगार रणनीति कार्ययोजना** ........ 20

**खण्ड - ८ : रोजगार रणनीति नतिजा खाका**........ 25

**खण्ड – ९ : श्रोत परिचालन र वजेट व्यवस्थापन**........ 26
**खण्ड – १० : निर्देशक समिति, अनुगमन र मूल्याङ्कन**........ 27
**खण्ड – ११ : जोखिम व्यवस्थापन**........ 28
**खण्ड – १२ : कार्यक्रमको स्विकृति र कार्यान्वयन**........ 29
अनुसूची – १ ........ 30
अनुसूची – २ ........ 32

# कार्यकारी सारांश

नेपाल सरकारले अनौपचारिक क्षेत्रको रोजगारीलाई व्यवस्थित वनाउन राष्ट्रिय रोजगार नीति २०७१ रोजगारीको हक सम्वन्धी ऐन २०७५ तथा नियमावली २०७५ तथा स्थानीय तहको रोजगार रणनीति निर्माण सम्वन्धी मार्गदर्शन २०८० जारी गरी कार्यान्वयनमा ल्याएको सन्दर्भमा भेरीगंगा नगरपालिकाले समेत यीनै कानुनी व्यवस्थालाई आधारको रुपमा लिएर नगरपालिकाको स्थानीय रोजगार रणनीति २०८२ निर्माण गरेको छ ।

यो रणनीति तर्जुमा गर्दा दुई किसिमको प्रश्नावली तयार गरी प्राथमिक र द्वितिय सूचना संकलन गरी अध्ययन गरिएको छ । यसका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तय गरेको रोजगार रणनीति निर्माण सम्वन्धी मार्गदर्शन, २०८० अनुसूची २ अनुसार रोजगारदातासाँग सम्बन्धित र अनुसूची ३ अनुसार स्थानीय सरोकारवाला सँग सामाजिक आर्थिक एवम् आगामी रणनीतिका लागि स्थानीय श्रोत साधन अवसर चुनौती तथा रोजगारका सम्भावना सम्वन्धी प्रश्नावली संकलन गरिएका छन् । यसका अलावा आर्थिक गणना, २०७९/०८० बाट स्थानीय अवसरको तथ्याङ्क, आप्रवासन प्रतिवेदनबाट वैदेशिक रोजगारीको अवस्थाको बारेमा द्वितीय तथ्याङ्क अध्ययन् गरिएको छ। नगरपालिकाको रोजगार सूचना प्रणालीबाट आ २०८१/०८२ का लागि सूचीकृत बेरोजगारहरुको तथ्याङ्क तथा छनौट भई सञ्चालन हुने आयोजनाको समेत लिश्लेषण गरिएको छ । रणनीतिक योजना तयारीका लागि श्रम, रोजगार तथा सामिजक सुरक्षा मन्त्रालयले जारी गरी पञ्चवर्षीय रणनैतिक योजना, नेपालको सोह्रौ योजना, दिगो विकास लक्ष्यका सुचकाङ्क, नगरपालिकाले तय गरेको नगर विकास योजना र नीति तथा कार्यक्रमहरु अध्ययन् गरिएका छन् ।

नगरपालिकाका पदाधिकारी कर्मचारी सँग गरिएका परामर्श छलफल तथा दस्तावेज अध्ययनबाट नगरपालिकामा अवलम्वन गर्नुपर्ने विभिन्न ६ वटा रणनीतिहरु पहिचान भएका छन् । ती रणनीतिका आधारमा कार्यनीति तथा कार्यक्रमहरु तय गरिएका छन् ।

भेरीगंगा नगरपालिकामा उद्योग, व्यापार, पर्यटन, व्यावसायिक कृषि पशुपालनको माध्यमबाट नगरवासीको जिविकोपार्जन भएको देखिन्छ । सुर्खेतको पूर्व पश्चिम राजमार्गसम्म जोड्ने रत्न राजमार्गको अधिकतम खण्ड यसै नगरपालिका अन्तरगत पर्ने र सुर्खेत जाजरकोट सडक पनि यसै नगरपालिका हुँदै जाने द्रुत आर्थिक विवकासको प्रवल सम्भावना यस नगरपालिकाले बोकेको छ।

भेरीगंगा नगरपालिकाको नगर विकास योजना लगायत बार्षिक नीति योजना कार्यक्रम तथा बजेटमा रोजगारी प्रवर्द्धन सम्बन्धी नीतिहरु तय गरिएका छन् । भेरीगंगा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त भेरीगंगा नगरकार्यपालिकाले आवश्यक नियम तथा रणनीतिहरु बनाउन सक्ने व्यवस्था बमोजिम यो स्थानीय रोजगार रणनीति तर्जुमा गरिएको छ । यो स्थानीय रोजगार रणनीतिले भेरीगंगा नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५ तथा गरिवसँग नगर प्रमुख कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९ लाई समेत सम्बोधन गरेको छ।

जनगणना २०७८ अनुसार भेरीगंगा नगरपालिकाको कुल जनसंख्या ४८२०३ जना मध्ये १० बर्ष उमेर समुह भन्दा बढिका सकृय जनसंख्या ३८७३७ जना मध्ये करिव ७० प्रतिशत जनसंख्या कृषि पेशामा सकृय रहेका छन् । कृषि पेशामा संलग्न जनसंख्या मध्ये अनौपचारिक क्षेत्रमा खेतिपाती, पशुपालन तथा माछापालनमा सकृय रहेका छन्। त्यस बाहेक थप १०/१० प्रतिशत निर्माण क्षेत्र तथा खुद्रा तथा होलसेल व्यापार तथा मर्मत कार्यमा सकृय रहेका छन् । यसरी सकृय जनसंख्याको ४० प्रतिशतले बर्षमा ६ महिनाको काम पाउने गरेका छन् भने बाकी ३० प्रतिशत भन्दा बढीले औपचारिक तथा अनौपचारिक क्षेत्रमा बर्षभर नै रोजगारी पाउन सकेका छैनन्।

भित्री मधेशका विभिन्न जिल्लाहरुमध्ये सुर्खेत जिल्लाको दक्षिण–पूर्व भागतर्फ तराईका भू–भाग देखिने लेक हात्तिखाल, हर्रे, लेखपराजुल, मनिरामकाँडा समुन्द्री सतहदेखि ५०० देखि २१०० मिटर सम्मको उचाईमा अवस्थित यस नगरपालिकाको भौगोलिक सहजता नभएको यस नगरपालिकाको क्षेत्रमा विकासका पूर्वाधार तयार गर्न केही सहज भएता पनि भौगोलिक आधारमा दुर्गम क्षेत्रको रुपमा रहेका वडा नं. १, २, ३, ४, ५, ६ र ७ मा भौगोलिक विकटता रहेको छ। विकासका पूर्वाधार तयार गर्न समय तथा लागत बढेको अवस्था छ। कर्णाली प्रदेशकै प्रवेशद्धारको नगरपालिका भएकोले पनि भेरीगंगा नगरपालिका आफैमा सम्भावनाको खानीको रुपमा रहेको नगरपालिका हो। भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना लगायतका महत्वका योजनाका कारण समेत यो नगरपालिकाको अझ महत्व बढेको छ।

भेरीगंगा नगरपालिकाले दक्ष जनशक्ति विकास गर्न सीप, दक्षता र क्षमता विकासमा जोड दिई कार्यलाई मुख्य प्राथमिकताको रुपमा लिएको छ ।

त्यस्तै आफ्नो नीति तथा कार्यक्रममा उद्योग तथा रोजगारी अन्तर्गत विकासको मेरुदण्डको रुपमा रहेको उद्योग ब्यबसायको विकास तथा प्रवर्द्धनका लागि पूर्वाधार निर्माण, यातायातका लागि सडकमार्गहरु, सञ्चार, विद्युत, भेरी बबई बहुउद्देश्यीय परियोजना, भेरी कोरिडोर, कर्णाली प्रदेशको प्रवेशद्वार तथा कर्णाली प्रदेश राजधानी नजिकको स्थानीय तह, उद्योगका लागि प्रर्याप्त जमिन लगायतका हरेक दृष्टिकोणले उपयुक्त रहेको हुँदा प्रयाप्त औद्योगिक वातावरण प्रदान गर्न नगरपालिका दृढ संकल्पित रहेको उल्लेख छ। नगरबाट हालसम्म प्रदान गरिएका सीपमुलक तालिम लिएका बेरोजगार युवायुवतीहरुको सीपलाई व्यवसायिक क्षेत्रमा लगाउने कार्यको थालनी गर्नका लागि प्रोत्साहन गरिएको छ। मेड्पा कार्यक्रम मार्फत उद्यमशिलता र विभिन्न सीप विकास तालिम मार्फत बेरोजगार महिला पुरुष दुवै युवालाई स्वरोजगार बनाई एक गाउँ एक उद्यमी बनाउने नीति लिइएको छ। लघुउद्यम विकास कार्यक्रम (मेड्पा) मार्फत गरीबीका रेखामुनी रहेका वर्गहरुलाई विभिन्न सीप विकास तालिम प्रदान गरी स्वरोजगार सिर्जना गर्ने र मेसिन औजार र सामग्रीमा सहयोग र समन्वय गरिने तथा ब्यवसाय गर्न चाहने तर ब्यवसाय गर्ने ठाउँको अभाव भएका उद्यमीहरुको उत्पादन वृद्धि गर्नको लागि साझा सुविधा केन्द्र (उद्यम घर) को स्थापना गरिने नीति लिइएको छ।

नगरपालिकाले उपप्रमुख स्वरोजगार कार्यक्रम मार्फत सीपमुलक कार्यक्रम सन्चालन गर्न, सीप हस्तान्तरण, प्रविधि हस्तान्तरण गर्दै आय आर्जनमा बृद्धि गर्ने महिला, विपन्न समूहको क्षमता विकासका लागि आवश्यक सहयोग गर्ने तथा सबै बर्ग, क्षेत्रको आर्थिक विकास गर्नका लागि उपप्रमुख स्वरोजगार कार्यक्रममार्फत सम्बोधन गर्ने तथा गरिव तथा ब्यबसाय गर्न चाहने किसानलाई ब्यबसायिक अनुदान सहयोग गर्ने नीति लिइएको छ।

गरिवसंग नगर प्रमुख कार्यक्रम अन्तर्गत नगरपालिकाले अति गरिव तथा विपन्न परिवारका सदस्यहरुलाई विभिन्न कार्यक्रममार्फत शसक्तिकरण गर्न पहल गर्ने, विभिन्न ब्यवसाय सन्चालन गर्नका लागि विउपुँजीको व्यवस्थापन गर्ने आयमुलक, सीपमुलक तालिमको व्यवस्था गरी रोजगारी सिर्जना गर्ने नीति लिइएको छ।

बार्षिक नीति कार्यक्रम तथा बजेट अनुसार भेरीगंगा नगरपालिकामा विपन्न नागरिकका लागि रोजगारी श्रृजनाका लागि आर्थिक वर्ष २०८१/८२ मा स्थानीय पुर्वाधार सहयोग कार्यक्रम अन्तर्गत १५ आयोजना प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १३ आयोजना तथा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १३ वटा आयोजना सञ्चालनमा रहेका छन् । जसमा नगरपालिकामा हरेक घरधुरी समेटिने गरि ५२७० जना बेरोजगार व्यक्तिहरु रोजगार सेवा केन्द्रमा सूचीकृत भएका छन् ।

यस क्षेत्रमा प्रवर्द्धन गर्न सकिने धेरै सम्भावनाका क्षेत्रहरु साना निर्माण उद्योगहरु फर्निचर, ग्रिल होटल रेष्टुरेन्ट, साना व्यापार व्यवसायहरु लगायत अनौपचारिक क्षेत्रहरु- सिकर्मी डकर्मी लगायत कृषिपशुपालनमा अन्न फलफुल तरकारी तथा बेसार, अदुवा, एवम् बाख्रा पालन आदि रहेका छन् । यस नगरपालिकाको केन्द्र छिन्चु बजारबाट धेरै गन्तव्यमा यातायात पूर्वाधार तथा सडक सञ्जाल सहित सवारी रुट सञ्चालनमा रहेकोले व्यापारिक, व्यिसायिक तथा पर्यटन क्षेत्रको हब बन्न सक्ने सम्भावना छ । यस क्षेत्रमा साहसिक जल पर्यटन लगायतको ठुलो सम्भावना भए तापनि त्यसको लागि ठुलो लगानी आवश्यक पर्ने देखिएको छ।

नगरपालिकाको यो रोजगार रणनीतिमा आगामि ५ बर्षमा विषयगत शाखा तथा उपशाखाले सञ्चालन कार्यान्वयन गर्नु पर्ने रणनीति तथा कार्यक्रमहरु समावेश गरिएका छन् । साथै रोजगारीको क्षेत्रमा हालको अवस्था सँगै आगामि ५ बर्षमा प्राप्त गर्नुपर्ने लक्ष्यलाई नतिजा खाकाको रुपमा प्रस्तुत गरिएको छ ।

# खण्ड - १ : रणनैतिक सन्दर्भ (Strategic Context)

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ को धारा ३३ मा प्रत्येक नेपालीलाई रोजगारीको हक हुनेछ भनी रोजगारीको हकको ग्यारेन्टी गरिएको छ भने धारा ३४ मा प्रत्येक नागरिकलाई उचित श्रम अभ्यासको हक हुनेछ भनी श्रम अभ्यासमा नागरिकलाई उत्प्रेरित गरिएको छ । संविधानका विभिन्न धाराहरुमा श्रमिकहरुको हक श्रमको छनोट समाजिक न्याय समावेशिता र उद्यमशिलता अनुशासित र मर्यादित तथा सुरक्षित श्रम अधिकारमा आधारित रोजगारीको प्रवन्ध आदिको व्यवस्था गरेको छ। संविधानकै धारा ५१ (ग) र (घ) मा राज्यका नीति अन्तर्गत समुन्नत आर्थिक विकास सम्वन्धी विभिन्न नीतिहरुको प्रवन्ध गरेको छ । संविधानको धारा १७ मा श्रम प्रतिको अवहेलना गर्न नहुने धारा १९ मा श्रम प्रतिको अवहेलना जातीय छुवाछुत एवम् लैङ्गिक आधारमा भेदभाव हुने सञ्चार गर्न नहुने धारा ४२ ले सामाजिक न्यायको  सामाजिक न्यायको अलधकार हुने धारा ५० को उपधारा (२) सवै प्रकारका विभेद शोषण र अन्यायको अन्त्य श्रमको सम्मान उद्यमशिलता अनुशासन मर्यादा र सहिष्णुतामा आधारित सामाजिक साँस्कृतिक मूल्यहरुको विकास गर्ने आदि श्रम र रोजगार सम्वन्धी सन्दर्भहरु उल्लेख गरिएको छ ।सरकारले संविधानको व्यवस्थाको अलावा श्रम तथा रोजगारीलाई व्यवस्थित गर्नको लागि विभिन्न नीतिगत व्यवस्था समेत गरेको छ।

नेपाल सरकारले श्रम तथा रोजगारीलाई व्यवस्थित वनाउन ट्रेड युनियन ऐन २०४९ वैदिशिक रोजगार ऐन २०६४ श्रम ऐन २०७४ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ रोजगारी हक सम्वन्धी ऐन २०७५ जारी गरी कार्यान्वयनमा आएका छन् । गरीवि न्यूनीकरणसँग श्रम र रोजगारको बिषय अन्तरसम्वन्धित भएर आउँछ। सङ्घीय सरकारले जे जति श्रम र रोजगारसँग सम्वन्धित नीतिहरु निर्माण गरेकोछ ती नीतिहरु स्थानीयकरण नभए सम्म स्थानीय श्रम तथा रोजगार प्रवर्द्धनमा टेवा पुग्न सक्दैन।

## १.२ रोजगार रणनीतिको आवश्यकता र औचित्य

नेपालमा स्थानीय तहमा श्रम व्यवस्थापन तथा रोजगार नीति तथा रणनीतिहरु प्रभावकारी नवन्दा र रोजगारलाई स्थानीयकरण गर्न नसक्दा हजारौ युवाहरु वैदेशिक रोजगारीमा पलायन भएका छन् भने दुर्गम क्षेत्रबाट शहरी क्षेत्रमा वसाई सरी आउने तथा जानेको संख्या बढ्दैछ। ग्रामिण क्षेत्रमा वस्नेहरु समेत रोजगारीको अभावमा दैनिक जीवनयापनमा कठिनाई भइरहेको छ। वैदेशिक रोजगारीले मुलुकको अर्थतन्त्र करिव २६ प्रतिशत योगदान त गरेको छ तर स्थानीय स्तरमा युवा पूँजी परिचालन नगर्नाले दिगो रोजगारी प्रवर्द्धन र स्थानीय पूँजीमा भने नकारात्मक असर पुगिरहेको छ। जसले गर्दा स्थानीय तहको आन्तरिक पूँजी निर्माण हुन सकेको छैन भने अर्को तिर गरीबी समेत घट्न सकेको छैन। स्थानीय स्तरमा श्रमको सम्मान र दिगो रोजगारी प्रवर्द्धन हुन नसक्दा सामाजिक प्रतिष्ठाकै लागि भए पनि मानिसहरु वैदेशिक रोजगारीको बाटो अवलम्वन गर्न वाध्य छन्। यसको अलावा युवाहरुलाई उपयुक्त रोजगारीमा संलग्न गराउन नसक्दा स्थानीय जनसाँख्यिक लाभ समेत प्राप्त गर्न नसकेको हुनाले पनि नगरको आन्तरिक पुँजी निर्माणमा कठिनाई भइरहेको छ।

श्रम बाहिर रहेका व्यक्तिहरुलाई रोजगारीका अवसरहरु सृजना गरी रोजगारी प्रदान गर्नु मुख्य भए तापनि स्थानीय तहले उपब्ध गराएको रोजगारीमा उक्त व्यक्ति संलग्न हुन्छ कि हुन्न भन्ने संका नै रहन्छ। श्रम शक्ति बाहिरको व्यक्ति रोजगारीमा संलग्न नहुने कारण उसमा भएको वित्तीय साक्षरताको कमी भएकोले हो। यस भेरीगंगा नगरपालिकाको गरीबी न्यूनीकरण तथा नागरिकको सहज जीपन यापनका लागि स्थानीय व्यिक्तहरुलाई रोजगारीमा प्रवर्द्धन गर्नु त पहिलो प्राथमिकता हो तर यत्तिले मात्र दिगो रोजगारी प्रवर्द्धन हुन सक्दैन । यसको लागि उनीहरुको फजुल खर्च नियन्त्रण गर्दै बचतको वानी परिवर्तन गराई उपयुक्त क्षेत्रमा पुनर्लगानी गरी दिगो रोजगारी प्रवर्द्धन गर्नु अर्को मुख्य चुनौती हो । यसका लागि वित्तिय साक्षरताको सचेतना निरन्तर प्रवाह गरिरहनु आवश्यक हुन्छ।

भेरीगंगा नगारपालिकामा हाल सम्म प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित आयोजना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा मुख्यमन्त्री रोजगार कार्यक्रम तथा स्थानीय पुर्वाधार सहयोग आयोजना गरी न्यूनतम रोजगारी प्रदान गर्न ३ वटा आयोजना कार्यान्वयनमा छन्। यसका अतिरिक्त रोजगार तथा उद्यमशिलताको प्रवर्द्धन गर्नको लागि सशर्त

कार्यक्रम अन्तर्गत कृषी तथा पशुपालन, महिलाहरुको क्षमता तथा सीप विकास कार्यक्रमहरु र गरीवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रमहरु समेत बार्षिक योजनामा समाविष्ट छन् । यसका अलावा आन्तरिक श्रोत परिचालन साथ आन्तरिक रोजगार तथा दिगो रोजगारीका लागि उल्लेख्य क्रियाशिलता कमी नै छ।

## १.३ अध्ययन् विधि

यो रणनीति तर्जुमा गर्दा दुई किसिमको प्रश्नावली तयार गरी प्राथमिक र द्वितिय सूचना संकलन गरी अध्ययन गरिएको छ । यसका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तय गरेको रोजगार रणनीति निर्माण सम्वन्धी मार्गदर्शन, २०८० अनुसूची २ अनुसार रोजगारदातासाँग सम्बन्धित र अनुसूची ३ अनुसार स्थानीय सरोकारवाला सँग सामाजिक आर्थिक एवम् आगामी रणनीतिका लागि स्थानीय श्रोत साधन अवसर चुनौती तथा रोजगारका सम्भावना सम्वन्धी प्रश्नावली संकलन गरिएका छन् । यसका अलावा आर्थिक गणना, २०७९/०८० बाट स्थानीय अवसरको तथ्याङ्क, आप्रवासन प्रतिवेदनबाट वैदेशिक रोजगारीको अवस्थाको बारेमा द्वितीय तथ्याङ्क अध्ययन गरिएको छ। बेरोजगार सूचना प्रणालीबाट आ ब २०८०/०८१ र २०८१/०८२ का लागि सूचीकृत बेरोजगारहरुको तथ्याङ्क लिश्लेषण गरिएको छ । रणनीतिक योजना तयारीका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जारी गरी पञ्चवर्षिय रणनैतिक योजना, नेपालको सोह्रौ योजना, दिगो विकास योजनाका सूचकाङ्कहरु, नगरपालिकाले तय गरेको नगर विकास योजना र नीति तथा कार्यक्रमहरु अध्ययन् गरिएका छन् ।

## १.४ क्षेत्र

यस रणनीतिक योजना निर्माणको अध्ययनका क्षेत्रहरु देहाय वमोजिम छनः

- यस रणनीति लागू हुने भौगोलिक क्षेत्र भेरीगंगा नगरपालिका मात्र भएको हुनाले सो भौगोलिक क्षेत्र भित्रको स्थलगत अध्ययन् गरिएको छ ।
- यसको लागि बिषय क्षेत्र विशेषतः स्थानीय रोजगारीको अवस्था, श्रोत, साधन र अवसर, वैदेशिक रोजगारीको अवस्था, स्थानीय रोजगारीको नीतिगत व्यवस्था समेत अध्ययनका क्षेत्रहरु हुन् ।
- यो रणनीति भित्र समाविष्ट हुने क्रियाकलापहरु कार्यान्वयनको समय सीमा पाँच बर्षको भएको हुनाले सो अवधिमा गर्न सकिने क्रियाकलाप मात्र तय गरिएका छन् ।

## १.५ सीमा

यस रणनीतिक योजना निर्माणको अध्ययनको सीमा विशेषतः स्थानीय रोजगारीको अवस्था, श्रोत, साधन र अवसर, वैदिशिक रोजगारीको अवस्था, स्थानीय रोजगारीको नीतिगत व्यवस्था समेत अध्ययनका सीमाहरु हुन् ।

# खण्ड – २ : वर्तमान अवस्थाको विश्लेषण

## २.१ राष्ट्रिय परिदृश्य

मुलुकमा विद्यमान युवा जनसाङ्ख्यिक लाभ तथा उपलब्ध अपार प्राकृतिक, सांस्कृतिक र मानवीय स्रोतको उपयोग एवम् मुलुकको भौगोलिक, सांस्कृतिक र सामाजिक विविधताको सम्बर्द्धनका लागि सङ्घीय संरचनामा आधारित राजनीतिक शासन प्रणाली अवलम्बन गरिएको छ। यसबाट मुलुकमा राज्यका स्रोत साधनको समन्यायिक वितरण र बहुपक्षीय तथा दिगो उपयोग; अन्तरराष्ट्रिय सम्बन्ध र सहयोगको क्षेत्रमा देखिएको बढोत्तरी; कृत्रिम बौद्धिकता लगायत सूचना तथा सञ्चार प्रविधि, सामाजिक-आर्थिक पूर्वाधार तथा अन्तरआवद्धता भएको अभूतपूर्व विकास; सार्वजनिक, निजी, गैरसरकारी साझेदारीका माध्यमबाट आमनागरिक विशेष गरी पछाडि रहेको वर्ग तथा क्षेत्रका आवश्यकता, आकांक्षा र सोच पुरा गर्नुका साथै सुशासन, सामाजिक न्याय र समुन्नतिको आकांक्षालाई ठोस आकार र सार्थकता दिन उपयुक्त वातावरण र अवसर सिर्जना भएको छ। यसैगरी, नेपाललाई सन् २०२६ मा विकासशील राष्ट्रमा स्तरोन्नति गरी २०३० सम्म मध्यम आय भएको मुलुकको स्तरमा पुर्‍याउन तथा दिगो विकासका लक्ष्य हासिल गर्न राजनीतिक, नीतिगत तथा संरचनागत र लगानी अनुकूल वातावरण बन्दै गएको छ।

नेपालको संविधानले संघीय शासन प्रणाली अवलम्बन गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने र तहगत सरकारद्धारा शासन सञ्चालन गर्ने व्यवस्था गरेको छ। तहगत सरकारको सम्बन्ध सहकारिता, सहअस्तित्त्व र समन्वयको सिद्धान्तमा आधारित हुने गरी तीनै तहको लागि एकल तथा साझा अधिकारको व्यवस्था गरेको छ। वर्तमानमा सङ्घीयता कार्यान्वयनको मार्गचित्र अनुरूप मुलुकमा दोस्रो अवधिका लागि तीनै तहमा जननिर्वाचित सरकार गठन भई आ-आफ्नो अधिकारभित्रका विषयमा नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र जवाफदेहिता वहन गर्न निरन्तर प्रयासरत छन्। संवैधानिक व्यवस्था अनुसार संरचनागत रूपान्तरण र योजनाबद्ध विकास दिगो शान्ति, सुशासन र समुन्नतिको साझा आकांक्षा पूरा गर्न राजनीतिक शक्ति र सरकारी र गैरसरकारी साझेदारबिच समन्वय, सहकार्य र सहमतिको वातावरण क्रमशः बन्दै गएको अवस्था छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्याससँगै राजनीतिक दलहरू आर्थिक-सामाजिक विकास र समुन्नति मार्गचित्र तर्फ अग्रसर हुन थालेका छन्। अनुकुल राजनीतिक वातावरण निर्माण र तहगत सरकारको क्रियाशीलतासँगै निजी, सहकारी, समुदाय, गैरसरकारी तथा विकास साझेदारबाट लक्षित वर्ग तथा विषयगत क्षेत्रमा आर्थिक, सामाजिक तथा पूर्वाधार विकासका कार्यहरू तिब्र बन्दै गएका छन्।

तिब्र विकास र लगानी अभिवृद्धि गर्न वित्तीय सङ्घीयताको सवलीकरणका लागि नीतिगत, कानुनी र संस्थागत व्यवस्थाको आधार तयार भएका छन्। नेपाल संविधान अनुरूप तहगत सरकारबीच अधिकार र जिम्मेवारीको बाँडफाँट तथा संस्थागत व्यवस्थासँगै विकास नतिजामा तिब्रता ल्याउन राजस्व परिचालन, बाँडफाँट, वित्तीय हस्तान्तरण र ऋण परिचालन लगायत वित्तीय सङ्घीयताको अभ्यास भैरहेको छ। प्रदेश तथा स्थानीय तहमा नीतिगत, कानुनी तथा संस्थागत प्रबन्धका साथै क्षमता विकास हुँदै गएको छ । यसबाट अन्तरसरकार, आमनागरिक, निजी क्षेत्र, समुदाय र सरोकारवाला विचको समन्वय, साझेदारी तथा सहकार्यबाट सेवाप्रवाह र विकास कार्य सम्पादनमा बढोत्तरी भएको छ। सहज राजनीतिक, नीतिगत तथा लगानीको वातावरणको फलस्वरूप यातायात, जलश्रोत तथा ऊर्जा, सिँचाइ, खानेपानी तथा सरसफाइ र औद्योगिक पूर्वाधारको विस्तारसँगै कृषि, पर्यटन, उद्योग, व्यापार तथा व्यवसायमा वृद्धि हुँदै गएको छ। मुलुकको इतिहासमै विकासका लागि सुनौलो वातावरण रहेकोमा न्यून उत्पादन, बेरोजगारी, गाउँबाट सहर-बजारमा हुने तिब्र बसाइँसराइ, युवापङ्तिमा बढ्दो निराशा र वौद्धिक पलायन बढ्दै जाँदा उत्पादनशील क्षेत्रमा लगानी घट्दै जाने अवस्था सिर्जना भैरहेको छ। जलवायु परिवर्तन तथा तापमान वृद्धिसँग हिमाल, जलस्रोत लगायत प्राकृतिक स्रोत, जलवद्युत लगागत विकासका पूर्वाधार र जनजीवनमा पर्दै गएको नकारात्मक असरसँगै राष्ट्रियस्तरमा जलवायु वित्त परिचालनको सम्भावना बढ्दै गएता पनि स्थानीय स्तरमा लगानीको लागि थप प्रयास गर्नु आवश्यक रहेको छ।

## २.२ प्रदेश परिदृश्य

नेपालको राजनीतिक परिवर्तन तथा समाज रूपान्तरणको ऐतिहासिक समयक्रममा विभिन्न समयमा भएका सशस्त्र सङ्घर्ष, जनआन्दोलन र विशेष गरी कर्णाली प्रदेश स्थापनार्थ भएको आन्दोलन पश्चात वि.सं. २०७२ मा जारी नेपालको संविधान अनुसार तत्कालीन कर्णाली अञ्चलका ५, भेरी अञ्चलका ३ तथा राप्ती अञ्चलका २ समेत १० जिल्लालाई समेटेर कर्णाली प्रदेश स्थापना भएको हो। नेपालको कुल क्षेत्रफलको २१.६ प्रतिशत हिस्सा ओगटेको यस प्रदेशमा २५ नगरपालिका र ५४ गाउँपालिका गरी ७९ स्थानीय तह छन्। यस प्रदेश उत्तरमा मित्रराष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बत र पूर्व तथा दक्षिणमा क्रमशः गण्डकी र लुम्बिनी प्रदेश तथा पश्चिममा सुदूरपश्चिम प्रदेशसँग जोडिएको छ। कुल ३०,२११ वर्ग कि.मी. क्षेत्रमा फैलिएको कर्णाली प्रदेश नेपालका ७ प्रदेश मध्ये क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो प्रदेश हो। यो प्रदेश समुद्री सतहबाट १८० मिटर देखि ७,३४८ मिटरको उचाइसम्म फैलिएको छ। उत्तर-दक्षिण २५० कि.मी. र पूर्व-पश्चिम २६५ कि.मी.सम्म फैलिएको कर्णाली प्रदेशमा हावापानीमा विविधताका साथै धरातलीय तथा जैविक विविधता उच्च रहेको छ।

नेपालको संविधानले निर्दिष्ट गरेको संरचनागत रूपान्तरणको मार्गचित्रमा अघि बढ्न "समृद्ध नेपालः सुखी नेपाली" को राष्ट्रिय लक्ष्य सहित दीर्घकालीन सोच, २१००; वि.सं. २०८३ सम्म नेपाललाई अति कमविकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकमा पुग्ने महत्वकांक्षी गन्तव्य रूपमा तयार भएको नेपालले सोह्रौ योजना तर्जुमा भई कार्यान्वयन समेत भैसकेको छ। यसबाट कर्णालीबासीले विकासको खासै प्रतिफल प्राप्त गर्न नसकेको यथार्थका बीच विकासका कतिपय सूचकाङ्कमा अन्य प्रदेशभन्दा पछाडि रहेको तीतो यथार्थलाई बदल्ने मार्गचित्र सहित विकास गतिलाई तिब्रता प्रदान गर्नु पर्ने टड्कारो आवश्यकता रहेको छ।

नेपालको संविधानबाट स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मार्गचित्र बमोजिम प्रदेश संरचना स्थापना पश्चात कर्णाली प्रदेश सरकारले २५ वर्ष (२०७५–२१००) को कर्णाली सोच, २१०० समेत प्रदेश विकासको मार्गचित्र रूपमा प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयन गरिसकेको छ। यसबाट प्रदेशको योजनाबद्ध विकासको जग निर्माण हुनुका साथै मिश्रित उपलब्धी हासिल भएका छन् भने योजनाले तय गरेका र जनअपेक्षा अनुसारका कतिपय कार्यभार भने थाती रहेका छन्। यसैगरी सङ्घीय संरचनामा आधारित संवैधानिक मार्गचित्र कार्यान्वयन गर्न नेपाल सरकारले सोह्रौ योजना (२०८१/०८२ - २०८५/०८६) समेत निर्माण गरी कार्यान्वयनमा भैरहेको सन्दर्भमा कर्णाली प्रदेशको संरचनागत रूपान्तरण तथा समृद्धिको मार्गचित्रको रूपमा आर्थिक वर्ष २०८१/८२ देखि २०८५/८६ अवधिका लागि दोस्रो पञ्चवर्षीय योजना तर्जुमा भई कार्यान्वयनमा रहेको छ। प्रदेश योजनाले उत्पादन, रोजगारी तथा आयमा वृद्धि, गुणस्तरीय र वातावरणमैत्री तथा उत्थानशील भौतिक पूर्वाधार निर्माण, गुणस्तरीय तथा व्यावसायिक शिक्षा, स्वास्थ्य, पोषण र खाद्य सुरक्षामा सर्वसुलभ पहुँच, भरपर्दो सामाजिक सुरक्षा, तुलनात्मक लाभका प्राकृतिक स्रोतको सदुपयोग, पर्या-पर्यटनको विकास र विस्तार र दिगो विकास एवम् कर्णालीको अद्बितीय भाषा, संस्कृति, साहित्य र कलाको सम्बर्द्धन गर्ने लगायतका क्षेत्रमा सार्थक योगदान पुर्‍याउने मध्यमकालीन गन्तव्य तय गरेको छ।

सङ्घीय संरचनामा आधारित संवैधानिक मार्गचित्र कार्यान्वयन गर्न नेपाल सरकारले तयार गरेको सोह्रौ योजना र प्रदेश संरचना स्थापना पश्चात कर्णाली प्रदेश सरकारले तय गरेको कर्णाली सोच, २१०० र प्रथम तथा दोस्रो पञ्चवर्षीय योजना मार्फत संवैधानिक तथा कानुनी व्यवस्था अनुसार प्रदेश सरकारले स्थानीय तहमा राजस्व बाडफाँट, वित्तीय हस्तान्तरण, पूर्वाधार निर्माण तथा विशेषज्ञ सेवा सहित प्राविधिक सहयोग प्रदान गरिरहेको छ। कर्णाली प्रदेश सरकारले नेपाल सरकार तथा विकास साझेदारसँग समन्वय, सहकार्य र साझेदारी गरी अध्ययन तथा अनुसन्धान; नीति, कानुन, योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन; सेवा प्रवाह; संरचनागत रूपान्तरण तथा नेतृत्व निर्माण, जवाफदेहिता प्रवर्द्धन सम्बन्धमा स्थानीय तहमा क्षमता विकास, सहयोग र सहजीकरण जस्ता कार्य गर्दै आएको छ।

यसैगरी प्रदेश सरकारले सडक, जलस्रोत, सिंचाइ, खानेपानी तथा सरसफाइ, स्वास्थ्य तथा शैक्षिक पूर्वाधार निर्माण, मुख्यमन्त्री रोजगारी कार्यक्रम, स्थानीय आर्थिक विकास कार्यक्रम, स्वास्थ्य बीमा कार्यक्रम, पोषण सुरक्षा, विपद् जोखिम न्यूनीकरण, विपद् तथा जलवायु उत्थानशीलता लगायतका कार्यक्रम तथ आयोजना सञ्चालन गर्दै आएको छ। यसका साथै प्रदेश सरकारले कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान मार्फत जनप्रतिनिधि तथा कर्मचारीका लागि प्रशिक्षण, संस्थागत विकास; नीति, कानुन तथा योजना तर्जुमा, अध्ययन तथा अनुसन्धानका कार्यमा गाउँपालिकासँग सहकार्य तथा साझेदारी गर्दै आइरहेको छ। साथै प्रदेश सरकारले

गाउँपालिकामा पूर्वाधार निर्माण तथा विस्तार; प्रविधि र सिप हस्तान्तरण; वित्त व्यवस्थापन; सेवाको मापदण्ड विकास तथा प्राविधिक सहयोग; नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, सिकाइ र जवाफदेहिता अभिबृद्धि लागि प्रदेश सरकारबाट थप तथा निरन्तर सहयोग, सहजीकरण तथा क्षमता विकास, समन्वय तथा साझेदारीको आवश्यकता र संभावना दुवै रहेको छ।

## २.३ स्थानीय परिदृश्य

भेरीगंगा नगरपालिकामा उद्योग, व्यापार, पर्यटन, व्यावसायिक कृषि पशुपालनको माध्यमबाट नगरवासीको जिविकोपार्जन भएको देखिन्छ । सुर्खेतको पूर्व पश्चिम राजमार्गसम्म जोड्ने रत्न राजमार्गको अधिकतम खण्ड यसै नगरपालिका अन्तर्गत पर्ने र सुर्खेत जाजरकोट सडक पनि यसै नगरपालिका हुँदै जाने द्रुत आर्थिक विकासको प्रवल सम्भावना यस नगरपालिकाले बोकेको छ।

भेरीगंगा नगरपालिकाको नगर विकास योजना लगायत बार्षिक नीति योजना कार्यक्रम तथा बजेटमा रोजगारी प्रवर्द्धन सम्बन्धी नीतिहरु तय गरिएका छन् । भेरीगंगा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त भेरीगंगा नगर कार्यपालिकाले आवश्यक नियम तथा रणनीतिहरु बनाउन सक्ने व्यवस्था बमोजिम यो स्थानीय रोजगार रणनीति तर्जुमा गरिएको छ। यो स्थानीय रोजगार रणनीतिले भेरीगंगा नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५ तथा गरिवसँग नगरप्रमुख कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९ लाई समेत सम्बोधन गरेको छ।

जनगणना २०७८ अनुसार भेरीगंगा नगरपालिकाको कुल जनसंख्या ४८२०३ जना मध्ये १० बर्ष उमेर समुह भन्दा बढिका सकृय जनसंख्या ३८७३७ जना मध्ये करिव ७० प्रतिशत जनसंख्या कृषि पेशामा सकृय रहेका छन्। कृषि पेशामासंलग्न जनसंख्या मध्ये अनौपचारिक क्षेत्रमा खेतिपाती, पशुपालन तथा माछापालनमा सकृय रहेका छन्। त्यस बाहेक थप १०/१० प्रतिशत निर्माण क्षेत्र तथा खुद्रा तथा होलसेल व्यापार तथा मर्मत कार्यमा सकृय रहेका छन्। यसरी सकृय जनसंख्याको ४० प्रतिशतले बर्षमा ६ महिनाको काम पाउने गरेका छन् भने बाकी ३० प्रतिशत भन्दा बढीले औपचारिक तथा अनौपचारिक क्षेत्रमा बर्षभर नै रोजगारी पाउन सकेका छैनन् ।

जनगणना २०७८ अनुसार भेरीगंगा नगरपालिकाका ११५३९ घरधुरी मध्ये १४४३ घरधुरीले मात्र मुख्य पेशा अतिरिक्त उद्यम व्यवसाय सञ्चालन गरेका छन् बाकि १०१२६ घरधुरीले परम्परागत कृषिपेशामा निर्भर रहेका छन् । नगरपालिकाको सकृय जनसंख्या ३८७३७ मध्ये १६६८६ जनाले मात्र ६ महिना भन्दा बढी रोजगारीको अवशर पाएका छन्। त्यसवाहेक २२०५१ जना ६ महिना भन्दा कम अवधिका लागि मात्र रोजगारीको अवशर पाउने गरेका छन्।

नगरपालिकामा विपन्न नागरिकका लागि रोजगारी श्रृजनाका लागि स्थानीय पुर्वाधार सहयोग कार्यक्रम अन्तर्गत १५ आयोजना प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १३ आयोजना तथा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १३ वटा आयोजना सञ्चालनमा रहेका छन्।

नगरपालिकामा हरेक घरधुरी समेटिने गरि ५२७० जना बेरोजगार व्यक्तिहरु आ ब २०८१/०८२ का लागि रोजगार सेवा केन्द्रमा सूचीकृत भएका छन् । यस क्षेत्रमा प्रवर्द्धन गर्न सकिने धैरै सम्भावनाका क्षेत्रहरु साना निर्माण उद्योगहरु फर्निचर, ग्रिल होटल रेष्टुरेन्ट, साना व्यापार व्यवसायहरु लगायत अनौपचारिक क्षेत्रहरु- सिकर्मी डकर्मी लगायत कृषिपशुपालनमा अन्न फलफुल तरकारी तथा बेसार, अदुवा, एवम् बाख्रा पालन आदि रहेका छन्।

नगरपालिकाले भ्रष्टाचार नियन्त्रण, सुशासन कायम, आवश्यक ऐन, कानुन निर्माण तथा संसोधन, बिधिको शासन, सार्बजनिक सुरक्षा र नीति बिधि प्रविधियुक्त नगरपालिका बनाउन हामी सबैको प्रतिबद्ध रहेको छ। कृषि तथा पशुपालन कार्यको आधुनिकीकरण, व्यवसायिकरण, नष्ल सुधार र बजारिकरण गर्न सबै निकायसंग समन्वय र साझेदारी उद्यम विकास, सहकारी प्रबद्र्धन र रोजगारी सिर्जनाका कार्यक्रमहरु सन्चालन जोड दिएको छ। शिक्षामा पूर्बाधार निर्माण, शैक्षिक गुणस्तर बृद्धि, प्रबिधि प्रयोग सहित ब्यबहारिक र प्राबिधिक शिक्षामा जोड दिदै नगरपालिकामा रहेका अपांगता भएका व्यक्ति, दृष्टिविहीन, श्रवणशक्ति कम भएका, दलित, महिला, लोपोन्मुख तथा अल्पसंख्यक जातजाति विपन्न बर्ग, युवा, बालबालिका, एकल महिला, जेष्ठ नागरिक लगायतका लक्षित बर्गलाई सशक्तिकरणका लागि आवश्यक कार्यक्रम सन्चालन गर्दै आएको छ। नवप्रवर्द्धन, प्रविधिको उच्चतम् प्रयोग र डिजिटल नगरपालिका

निर्माण गर्न बिशेष पहल गरिएको छ। खेलकुद प्रवर्द्धन गर्ने, अनुशासित र सिर्जनशिल युवा विद्यार्थी निर्माणमा जोड दिने र कुलतबाट टाढा रहने र लागु औषध नियन्त्रणको अभियान सन्चालन गरिएका छन्।

नगरले उर्जा विकास र विद्युतिकरणमा जोड दिंदै सबै वडामा विद्युत पुऱ्याउने र यसको उच्चतम् प्रयोग ल्याउने तथा त्यसका लागि दक्ष जनशक्ति विकास गर्न सीप, दक्षता र क्षमता विकासमा जोड दिने नीति लिएको छ। भेरीगंगा ११ रामघाटमा निर्माण सुरु गरिएको स्थानिय औद्योगिक ग्राम निर्माण कार्यलाई पूर्णता दिन र मैनतडा औद्योगिक क्षेत्रको निर्माण कार्य अघि बढाउन संघीय तथा प्रदेश सरकारसंग समन्वय गरिएको छ। भेरीगंगा उपत्यका नमूनाको आधुनिक शहर आयोजना अन्तर्गत तत्काल भेरीगंगा नगरपालिकाभित्र निर्माण कार्य अघि बढाउँन संघीय सरकारलाई विशेष अनुरोध गरिएको छ। बबई क्षेत्रलाई भेरीगंगा नगरपालिकाको नक्सांकनमा समेट्नका लागि अझै पनि संघीय सरकारबाट निर्णय नभईसकेको अवस्थामा उक्त क्षेत्रलाई यस नगरको टोपोग्राफिक नक्सांकनमा समेट्नका लागि आवश्यक पहल गरिनेछ। भेरीगंगा नगरपालिकाको छिन्चुमा निर्माण भैरहेको प्रदेश स्तरीय सरुवा रोग अस्पताल निर्माण कार्यलाई समयमै सम्पन्न गर्न र छिन्चु बजारको साझा भवनको क्षेत्रमा बहुउद्देस्यीय भवन निर्माण गर्न संघीय तथा प्रदेश सरकार र विकास साझेदारहरुसँग अनुरोध गरिनेछ साथै निर्माण गर्न बाकी रहेको स्वास्थ्य संस्थाहरुको भवन निर्माणमा जोड दिइनेछ ।

नगर गौरवको आयोजना हर्रे मनिरामकाँडा सडकको IEE तथा DPR स्वीकृत भई राष्ट्रिय योजना आयोगमा सूचिकृत समेत भैसकेकोले बजेट सहित निर्माण कार्य अगाडी बढाउन संघीय तथा प्रदेश सरकारसंग अनुरोध गरिनेछ । भेरीगंगा ९ जहरेमा १५ शैयाको नगर अस्पताल निर्माण गर्नका लागि जग्गा ब्यस्थापन गरिनेछ र बजेट ब्यवस्था सहित निर्माण कार्य अघि बढाउँन संघीय सरकारसंग समन्वय गरिनेछ।

राष्ट्रिय गौरवको आयोजन भेरीबबई डाईभर्सन बहुउद्देश्यीय आयोजना तथा भेरी कोरिडोर आयोजनाबाट नगरपालिका भित्रका सबै क्षेत्रका प्रभावित स्थानीय बासीका आवश्यकता सम्बोधन गर्न र सामाजिक दायित्वका मागहरु पुरा गर्नका लागि आयोजनासंग समन्वय, सहकार्यको रणनीति अवलम्वन गरिनेछ साथै सुरुङ्गबाट बबई क्षेत्रमा निस्कने पानीबाट बबई क्षेत्रमा सिंचाई गर्न र चिप्ले देखि चौराह हुँदै साँधिखोला घ्वानेल टोलसम्म सिंचाइ नहरको निर्माण गर्नका लागि आयोजनासंग बिषेश अनुरोध गरिनेछ।

भेरीगंगा नगरपालिका वडा नं. १० मदानीचौरको पूर्वी क्षेत्रमा अध्ययन सुरु भएको क्षेत्रीय विमानस्थल निर्माणको कार्यलाई तत्काल सुरु गर्न सघींय सरकारलाइ विशेष अनुरोध गरिनेछ। भेरीगंगा नगरपालिका भित्रपर्ने बर्दीया राष्ट्रिय निकुञ्जको प्रभाबित क्षेत्र मध्यवर्ती क्षेत्र विकास तथा ब्यबस्थापनको कार्यलाई नगरपालिका अन्तर्गत ल्याउन पहल गरिनेछ। नगरपालिकाको एकीकृत शहरी विकास योजना, नगर प्रोफाइल, मध्यमकालिन खर्च संरचना, सडक गुरुयोजना निर्माण तथा अद्यावधिक गरिनेछ र राजस्व सुधार योजना कार्यान्वयन गरिएका छन्।

यस नगरपालिकाको केन्द्र छिन्चु बजारबाट धेरै गन्तव्यमा यातायात पूर्वाधार तथा सडक सञ्जाल सहित सवारी रुट सञ्चालनमा रहेकोले व्यापारिक, व्यवसायीक तथा पर्यटन क्षेत्रको हब बन्न सक्ने सम्भावना छ । यस क्षेत्रमा साहसिक जल पर्यटन लगायतको ठुलो सम्भावना भए तापनि त्यसको लागि ठुलो लगानि आवशश्यक पर्ने देखिएको छ। यस नगरपालिकामा खेतीयोग्य जमीन भएपनि सिंचाई अभाव तथा उच्च आधुनिक प्रविधिको अभावमा यहाँका मानिसहरु जिविकोपार्जनका लागि साना व्यावसाय, कृषि, पशुपालन, ज्याला मजदुरीका अतिरिक्त अन्य बैकल्पिक रोजगारीमा निर्भर हुनु परेको छ । नगरपालिकाको भोगोलिक बनोट पहाडी तथा नदिका फाट सहित भित्रि मधेस भुभाग भएको हुनाले जैविक तथा वातावरणीय विविधता छ । यस किसिमको विविधताको कारण रोजगारी तथा स्वरोजगारी व्यवस्थापनमा समेत विविधता कायम गर्नु आवश्यक देखिएको छ ।

यस क्षेत्रमा निर्वाहमुखी व्यवसाय बाहेक रोजगार प्रदान गर्ने ठुला कलकारखाना तथा उद्योग नभएको कारण औद्योगिक क्षेत्रमा रोजगारीको अवसर न्यून रहेको छ। नगरको एकीकृत रोजगारी प्रवर्द्धन कम प्राथमिकतामा पर्नाको साथै लक्षित समुदायहरुमा औपचारिक रोजगार मात्र रोजगारी हो भन्ने बुझाई कायम रहेको छ।

# खण्ड – ३ : रणनैतिक सवालहरु

## युवा रोजगारीको अवस्था र सम्भावनाका क्षेत्रहरू

युवा भन्नाले १६ देखि ४० वर्ष उमेर समूहको व्यक्तिलाई जनाउँछ । युवा विकासका अग्रदूत, परिवर्तनको संवाहक, देश निर्माणको प्रमुख स्रोत तथा राष्ट्रको धरोहर एवम् अमूल्य सम्पत्ति हो। युवा आर्थिक, सामाजिक र राजनीतिक परिवर्तनको कारक पनि हो। युवाको परिचालन, सहभागिता र नेतृत्व विकास विना कुनै पनि देशले विकासको अपेक्षित लक्ष्य हासिल गर्न सक्दैन। नेपालको कुल जनसङ्ख्याको ४०.३५ प्रतिशत युवाशक्ति रहेको छ। विश्व युवा विकास सूचकाङ्क, २०१६ अनुसार नेपाल ७७ औँ स्थानमा र रोजगारी तथा अवसरमा ६० औँ स्थान रहेको छ। रोजगार भनेको पेशालाई दर्साउँछ। रोजगारी भनेको आर्थिक गतिविधि हो, जस अन्तर्गत मानिसहरूले अरूका लागि काम गर्छन् र यसको सट्टामा पारिश्रमिक पाउँछन् । पारिश्रमिक तलब वा ज्यालाको रूपमा हुने गर्छ। रोजगारदाता सरकार, सरकारी उद्यम, गैर सरकारी सङ्घसंस्था वा कुनै पनि निजी सङ्गठन हुन सक्छ। रोजगारी स्थायी, अस्थायी, आंशिक वा आकस्मिक हुन सक्छ।

## रोजगारी सम्बन्धी कानुनी व्यवस्था

नेपालको संविधान, २०७२ को धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रम सम्बन्धी हकलाई मौलिक हकको रूपमा समेटिएको छ । त्यस्तै धारा ५१ (राज्यका नीतिहरू) को (झ) मा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, श्रमिक र उद्यमी व्यवसायी बीच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति अङ्गीकार गर्न सक्ने व्यवस्था रहेको छ । रोजगारीको हक सम्बन्धी ऐन, २०७५ मा बेरोजगार व्यक्तिलाई न्यूनतम एक सय दिनको रोजगारीको व्यवस्था गरिएको छ।

## रोजगारीको वर्तमान अवस्था

नेपालको बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ भने पुरुषको र महिलाको बेरोजगारी दर क्रमशः १०.३ र १३.१ प्रतिशत रहेको छ । यसै गरी शहरमा ११.६ प्रतिशत र ग्रामीण क्षेत्रमा १०.९ प्रतिशत बेरोजगारी रहेको छ। नेपालको श्रमशक्तिमा सहभागिता दर ३८.५ प्रतिशत रहेको छ। यो दर शहरमा ४१.७ प्रतिशत र ग्रामीण क्षेत्रमा ३२.९ प्रतिशत रहेको छ। यसै गरी पुरुष र महिलाको श्रमशक्तिमा सहभागिता दर क्रमशः ५३.८ प्रतिशत र २६.३ प्रतिशत रहेको छ। रोजगारमा रहेको जनसङ्ख्यालाई प्रदेश अनुसार हेर्दा सबैभन्दा बढी ४३.८ प्रतिशत बाग्मती प्रदेशमा र सबैभन्दा कम २४.१ प्रतिशत सुदूरपश्चिम प्रदेशमा रहेको छ। बेरोजगारी दरलाई प्रदेशगत रूपमा हेर्दा सबैभन्दा बढी प्रदेश नं. २ मा २०.१ प्रतिशत र सबैभन्दा कम बाग्मती प्रदेशमा ७ प्रतिशत मात्र रहेको छ। प्रदेश अनुसार श्रमशक्तिमा सहभागिता दर सबैभन्दा बढी बाग्मती प्रदेशमा ४७.१ प्रतिशत रहेको छ भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा २७.३ प्रतिशत रहेकोछ । नेपाल श्रम शक्ति सर्वेक्षण, २०७४ अनुसार ६२.२ प्रतिशत व्यक्तिहरू अनौपचारिक तथा असङ्गठित क्षेत्रमा दैनिक ज्यालादारी, मजदुरी तथा श्रमिकको रूपमा कामकाज गरी जीवन निर्वाह गर्ने गरेको देखिन्छ।

कोभिड–१९ को सङ्क्रमणलाई नियन्त्रण गर्नका लागि विश्वका अधिकांश देशहरू लगायत नेपालले पनि बन्दाबन्दी गरेको अवस्था थियो। बन्दाबन्दीको अवस्था पछि कोभिड–१९ को सङ्क्रमण तथा असरलाई नियन्त्रण गर्न तथा सर्वसाधारणको जीउ ज्यानको रक्षा गर्न जिल्ला पिच्छे निषेधाज्ञा जारी गरिएको थियो। कोभिड–१९ को प्रभाव विश्व अर्थतन्त्र सँगसँगै नेपालको अर्थतन्त्रमा समेत परेको देखिन्छ। देशमा भएका उद्योगधन्दा, कलकारखाना, यातायात, पर्यटन, मनोरञ्जन, होटेल तथा रेष्टुरेन्ट, रियल स्टेट, कृषि, व्यापार, व्यवसाय, निर्माण कार्य (सार्वजनिक तथा निजी) आदि लगायत कैयौँ क्षेत्रहरू पूर्ण रूपमा बन्दाबन्दीको चपेटमा रहेको थियो। यी क्षेत्रहरूमा काम गर्ने श्रमिक मजदुरहरू रोजगारी विहीन भई बेरोजगारीको सङ्ख्या बढेको देखिन्छ। ग्रामीण क्षेत्रमा बसोबास गर्ने गरिब, विपन्न परिवारहरूको आम्दानीको मुख्य श्रोत नै उक्त क्षेत्रहरूमा दैनिक ज्यालादारी एवं मजदुरी गर्ने र निर्वाहमुखी कृषिबाट जीवन

गुजारा चल्ने गरेको देखिन्छ। ती व्यक्तिहरू अहिले रोजगार विहीन भई रोजीरोटी गुमेको अवस्थामा छ। उनीहरूको जीवन कष्टकर हुँदै गएको छ भने भोकै बस्न बाध्य भएका छन्।

कोभिड–१९ को प्रभावका कारण औद्योगिक उत्पादनमा भएको सङ्कुचनले गर्दा कार्य गर्ने समय (घण्टा) मा कमी आउनु, स्वरोजगारीबाट प्राप्त हुने आम्दानीमा ह्रास हुनु, बजारमा उपभोग्य वस्तुहरूको अभाव र अस्वाभाविक मूल्य वृद्धि हुनु, माग र आपूर्ति बिचको श्रृङ्खलामा भएको अवरोधका कारण रोजगारी र आम्दानीमा कमी आउनु, व्यापार घाटाबाट जोगिन रोजगारदाताहरुले रोजगारी कटौती गर्नुका कारण छोटो अवधिका कामदारहरूको जीवनयापन असहज हुनु तथा बजार अवरोधका कारण थोक तथा खुद्रा व्यापार व्यवसायमा आएको गिरावट, निर्माण क्षेत्रमा भएको अवरोध, औद्योगिक आयातमा कमी आदि क्षेत्रहरूमा प्रभाव पर्नुले पनि बेरोजगार हुनेको सङ्ख्यामा बढोत्तरी भएको देखिन्छ । आन्तरिक तथा बाह्य पर्यटकको आवागमनमा आएको अवरोधका कारण नेपालका होटेल, रेष्टुरेन्ट, माउन्टेन ट्रेकिङ, पर्वतारोहण लगायत पर्यटनसँग सम्बन्धित अन्य कैयौँ क्षेत्रहरूबाट रोजगारी गुमाउनेहरूको सङ्ख्यामा समेत उल्लेख्य वृद्धि भएको छ । कोभिड–१९ बाट पर्यटन क्षेत्रको रोजगारी सबैभन्दा बढी प्रभावित भएको देखिन्छ।

## युवा रोजगारीका चुनौती र समस्याहरू

श्रम तथा रोजगारीको हक कार्यान्वयन गर्नु, उत्पादनशील क्षेत्रमा रोजगारीका अवसर पहिचान र सृजना गर्नु, अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याउनु, श्रम बजारको माग अनुरूप सीपयुक्त श्रम शक्तिको विकास गर्नु, बजारको माग अनुसारको जनशक्ति आपूर्ति गर्न नसक्नु, शिक्षालाई व्यावहारिक र रोजगारमूलक बनाई उद्यमशीलता विकास गर्नु, श्रमिक र रोजगारदाता बीच सुसम्बन्ध स्थापित गर्नु, श्रम निरीक्षण र नियमनलाई प्रभावकारी बनाउनु आदि युवा रोजगारीका मुख्य चुनौतीहरूको रहेको छ । श्रम, सीप र उत्पादनबीच तादम्यता कायम हुन नसक्नु, श्रमप्रतिको सम्मानको कमी हुनु, उद्यमशीलता विकास तथा स्वरोजगार प्रवर्द्धन र उत्पादनशील रोजगारीको सृजना पर्याप्त हुन नसक्नु (न्यून उत्पादकत्व, न्यून ज्याला र कमजोर कार्य अवस्था), वैदेशिक रोजगारीबाट प्राप्त सीप र पुँजीको न्यून परिचालन हुनु, श्रम बजार सूचना प्रणालीको विकास नहुनु आदि युवा रोजगारीका समस्याहरू रहेको देखिन्छ।

## दिगो रोजगारीका सम्भावना क्षेत्रहरू

नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप श्रम शक्ति श्रम बजारमा प्रवेश गर्ने गर्दछन् । नयाँ श्रम शक्तिको लागि पर्याप्त रोजगारीका अवसर सृजना हुन नसकेका कारण श्रमको माग र आपूर्ति बीच ठुलो अन्तर रहेको देखिन्छ । आन्तरिक श्रम बजारको प्रशोधन क्षमता समेत न्यून हुँदा अतिरिक्त श्रम शक्ति वैदेशिक रोजगारीमा जान बाध्य हुने गरेका छन् । दिगो रूपमा बेरोजगारीको समस्या समाधान गर्न निम्न रोजगारीका मुख्य सम्भावना क्षेत्रहरूमा थप रोजगारीका अवसरहरू सिर्जना गर्नु पर्ने देखिन्छ ।

## कृषि क्षेत्र

नेपालको कुल जनसङ्ख्याको ६०.४ प्रतिशत जनसङ्ख्या जीविकोपार्जन तथा रोजगारीको लागि कृषि पेशामा आश्रित रहेका छन् । कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योग्यदान हरेक वर्ष घट्दै गएको अवस्था छ । कुल कृषि योग्य जमिन को २१ प्रतिशत (३० लाख ९१ हजार हेक्टर) मा खेती गरिएको छ भने ७ प्रतिशत (१० लाख ३० हजार हेक्टर) जमिन बाँझो नै रहेको अवस्थामा छ । कृषि क्षेत्र सबैभन्दा धेरै रोजगारी सृजना तथा प्रदान गर्ने क्षेत्र हुन् । नेपालमा रोजगारी पाएका प्रत्येक पाँच जना व्यक्ति मध्ये एक जना कृषिमा नै रोजगार रहेका छन् । बेरोजगार व्यक्तिहरूलाई भूमि बैङ्क मार्फत बाँझो रहेको खेती योग्य जमिनमा कृषि कार्यका लागि सहज पहुँच पुर्‍याई बाँझो रहेको जग्गामा व्यावसायिक खेती गर्न प्रोत्साहन गरी कृषिको आधुनिकीकरण, व्यवसायीकरण, विविधीकरण र औद्योगिकीकरण गरी कृषि उत्पादन, उत्पादकत्व तथा कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु पर्दछ । बेरोजगार व्यक्तिहरूलाई कृषि सहकारी वा कृषक समूहको माध्यमबाट कृषि पकेट क्षेत्रहरूको विकास गरी कृषि पेशालाई सम्मानजनक, मर्यादित र प्रतिष्ठित बनाई कृषि क्षेत्रमा थप रोजगारीका अवसरहरू सृजना गरी कृषिमा आत्मनिर्भर हुनुको साथै राष्ट्रिय अर्थतन्त्रमा समेत सहयोग पुग्ने देखिन्छ ।

## निर्माण क्षेत्र

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात् नेपालको संविधान, २०७२ जारी भए पछि तीनै तहको सरकारहरूको गठन भई देशको निर्माणको युगमा प्रवेश गरेको छ । निर्माण क्षेत्रमा १३.८ प्रतिशत व्यक्तिहरू रोजगारी प्राप्त गरेको देखिन्छ । देशभित्र राष्ट्रिय महत्त्वका योजनाहरू, ठूलठूला जलविद्युत आयोजनाहरू, रेलमार्ग, द्रुतमार्ग, एयरपोर्ट लगायत अन्य विभिन्न निजी तथा सार्वजनिक निर्माण कार्यहरूको साथसाथै तिनै तहका सरकारहरूबाट सञ्चालित अन्य विकास निर्माणका गतिविधिहरू तीव्र रूपमा भइरहेको देखिन्छ । निर्माण क्षेत्रमा दक्ष जनशक्तिको रूपमा काम गर्ने ईलेक्ट्रिसीयन, प्लम्बर, पेन्टर, कारपेन्टर, मैसन लगायत अन्य श्रमिक मजदुरहरू अधिकांश भारतीय वा तेस्रो मुलुकका रहेका छन् । यी क्षेत्रमा नेपाली श्रमिक मजदुरहरू अदक्ष कामदारको रूपमा काम गर्ने गर्दछन् । यस क्षेत्रमा रोजगारीका सम्भावनाहरू प्रशस्त रहेकोले बजारको मागको आधारमा थप दक्ष, सीपयुक्त जनशक्ति तयार गरी बजारमा दक्ष जनशक्तिको आपूर्ति गरी अन्य मुलुकका श्रमिक मजदुरहरूलाई विस्थापित गर्दै जानु पर्ने देखिन्छ ।

## उद्योग तथा व्यवसाय क्षेत्र

उद्योग क्षेत्रमा १७.५ प्रतिशतले रोजगारी पाएको देखिन्छ । कुल राष्ट्रिय रोजगारीमा उद्योग क्षेत्रको योगदान ८.१ प्रतिशत रहेको छ । नेपालमा बढ्दै गएको युवा बेरोजगारीमा कमी ल्याउन कम्तीमा आउँदो एक दशकसम्म कृषि, वन, पर्यटनमा आधारित उद्योगधन्दा कलकारखाना तथा व्यापार व्यवसायको माध्यमबाट थप रोजगारी सृजना गर्न विशेष जोड दिनु पर्ने देखिन्छ । अदक्ष तथा सीप नभएका बेरोजगार युवाहरूलाई सीपमूलक तालिमको माध्यमबाट दक्ष एवं सीपयुक्त जनशक्ति तयार गरी उद्योग तथा कलकारखानाहरूमा आपूर्ति गरी औद्योगिक उत्पादनमा वृद्धि गर्नुको साथसाथै लघु, घरेलु तथा साना उद्योगहरूको माध्यमबाट स्वरोजगारी वा रोजगारी बढ्ने गरी निर्यातयोग्य वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता, विविधीकरण, उत्पादकत्व अभिवृद्धि गरी स्थानीय श्रम, सीप, स्रोत र साधनको अधिकतम परिचालन तथा उपयोग हुने गरी स्वदेशभित्रै थप रोजगारीका अवसरहरू सिर्जना गर्नु पर्ने देखिन्छ ।

## उद्यमशीलता

उद्यमशीलतालाई उत्पादनको महत्त्वपूर्ण साधनको रूपमा हेरिन्छ । स्थानीय स्तर देखि नै उत्पादन र उत्पादकत्व वृद्धि तथा रोजगारी सिर्जना गरी राष्ट्रिय अर्थतन्त्रलाई गतिशीलता प्रदान गर्न उद्यमी तथा उद्यमशीलताको विकास अपरिहार्य रहेको छ । कोरोना महामारीका कारण रोजगार विहीन भई बेरोजगारहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको देखिन्छ । बढ्दो बेरोजगारी समस्यालाई सम्बोधन गर्न तथा बेरोजगार युवाहरूलाई रोजगारीको सुनिश्चितता गर्न राज्यका तीनै तहका सरकारहरूले लागत साझेदारीमा स्वरोजगार हुन चाहने तथा रोजगारी गुमाउने बेरोजगार युवाहरूलाई लक्षित गरी स्थानीय स्तरमा उपलब्ध श्रम, श्रोत साधन, पुँजी र प्रविधिको उपलब्धताको आधारमा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत विभिन्न किसिमका सीपमूलक, रोजगारमूलक, व्यावसायिक तथा प्राविधिक तालिमहरूको माध्यमबाट दक्ष, सक्षम र उत्पादनशील जनशक्ति उत्पादन गर्ने तर्फ ध्यान दिनु पर्दछ । स्थानीय स्तरमा नै नयाँ नयाँ उद्यम व्यवसायको पहिचान तथा विकास र उत्पादन तथा उत्पादकत्व वृद्धि गरी रोजगारी सृजना गर्नु पर्ने देखिन्छ । उद्यम व्यवसाय गर्न चाहने युवाहरूलाई उत्पादनशील व्यावसायिक योजनाको आधारमा बिउँ पुँजीको रूपमा लागत साझेदारीमा अनुदान वा सहुलियत पूर्ण ऋण सुविधाको उपलब्धताको माध्यमबाट उद्यम तथा व्यवसायको विकास गरी थप रोजगारी वा स्वरोजगारका अवसर सृजना गर्नु पर्ने देखिन्छ।

## पर्यटन

पर्यटनमा प्रचुर सम्भावना भएको देश हो नेपाल । नेपालको पर्यटन क्षेत्र रोजगारीका मुख्य स्रोतहरू मध्येको पनि एक हो । सन् २०१८ मा कुल ५७३००० रोजगारी प्राप्त गरेका थिए, जुन कुल रोजगारीको ८ प्रतिशत हो । नेपालको प्राकृतिक, धार्मिक, मौलिक, पुरातात्त्विक एवम् सांस्कृतिक सम्पदा, हिमाली मनोरम दृश्य, पर्वतारोहण, पदमार्ग, तराईका फाँटहरू, वन्य जन्तु, निकुञ्ज, जल सम्पदा आदि पर्यटनको मुख्य आधार क्षेत्र रहेको छ । यी सम्पदाहरूको संरक्षण, संवर्द्धन र विविधीकरण गरी नयाँ नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान, विकास, प्रवर्द्धन गर्दै पर्यटन क्षेत्रमा थप रोजगारी सिर्जना गर्नु पर्नेमा ध्यान दिनु जरुरी छ ।

## निष्कर्ष

नेपालको संविधानले रोजगारी र श्रम सम्बन्धी हकलाई मौलिक हकको रूपमा समावेश गरेको छ। रोजगारीको तुलनामा युवा जनसङ्ख्याको अनुपात तीव्र रूपमा वृद्धि हुँदै गएको देखिन्छ । देशमा बढ्दै गरेको बेरोजगारी दर र सीमित रहेको रोजगारीको अवसर

तथा विकल्पका कारण अधिकांश युवा श्रम शक्ति विदेशिन बाध्य हुने गरेको देखिन्छ । श्रम बजारको माग अनुरूपको दक्ष तथा सीपमूलक जनशक्तिको विकास गर्नु आजको मुख्य आवश्यकता रहेको छ । उत्पादनमूलक रोजगारी सृजना गरी मुलुकमा उपलब्ध युवा श्रम शक्तिको अधिकतम उपयोग गरी कृषि क्षेत्रमा विद्यमान रहेका अनुत्पादक अधिक श्रम शक्तिलाई उद्योग, व्यापार, पर्यटन, निर्माण जस्ता सेवा क्षेत्रहरूमा स्थानान्तरण गर्न सके अर्थतन्त्रको संरचनात्मक परिवर्तनमा समेत सहयोग पुग्ने देखिन्छ।

स्थानीय तहको रोजगार रणनीति तर्जुमा गर्ने प्रयोजनको लागि रोजगारदाताहरु लिईएको सर्वेक्षणहरु तथा  सम्बन्धित सरोकारवालासँग संकलन गरिएका धारणाका आधारमा यस भेरीगंगा नगरपालिकामा एकिकृत रोजगारी प्रवर्द्धन तथा दिगो रोजगारी प्रवर्द्धनको मुख्य सवालहरु पहिचान गरिएका छन् :

पहिलोः रोजगारीका लागि सीप तथा क्षमता विकास

दोश्रोः स्थानीय स्तरमा रोजगारीको अवसर श्रृजना

तेश्रोः एकिकृत रोजगारी प्रवर्द्धन र दिगो रोजगारी प्रवर्द्धन

चौथोः दिगो रोजगारी प्रवर्द्धनका लागि वित्तीय साक्षरता तथा सचेतना वृद्धि

पाँचौः समावेशिता र यसका अन्तरसम्वन्ध

छैठौः रोजगारी प्रवर्द्धनः तीन तहका सरकारको दायित्व

# खण्ड - ४ : सोंच, लक्ष्य र उद्देश्य

## ४.१ पृष्ठभूमि

नगरपालिकाको समग्र विकास, समृद्धि र आर्थिक–सामाजिक रुपमान्तरणको आकांक्षालाई मुर्त रुप दिनका लागि सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी गराउनु आवश्यक हुन्छ। मध्यमकालीन खर्च संरचना सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण औजार हो । मध्यमकालीन खर्च संरचनाले विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासन कायम गर्न मद्दत पुर्याउँछ । यसका अतिरिक्त प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गरी सरकारले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न उपयुक्त परिवेश तयार गर्दछ। वृहत नगर विकास योजना र विषयगत नीतिले  लिएको लक्ष्य हासिल गर्न प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजनको सुनिश्चितता र सो अनुरुप वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा कार्यमा सहयोग गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नु जरुरी हुन्छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा सो सम्बन्धी नियमावली लगायतका सङ्घीय कानूनहरूले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ। यस सन्दर्भमा  कार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा र वडा समितिका पदाधिकारी तथा कर्मचारीहरुको सहभागितामा यस नगरपालिकाको प्रथम वृहत नगर विकास योजना, गत विगत वर्षहरूको वार्षिक नीति तथा कार्यक्रम र उपलब्ध सूचनालाई आधार मानी आगामी तीन वर्षको खर्चको प्रक्षेपणसहित पहिलो पटक यो मध्यमकालीन खर्च संरचना (२०८१/८२–२०८३/८४) तयार गरिएको छ।

## ४.२ चुनौती तथा अवसर

श्रमशक्ति शहरी क्षेत्र तथा तेस्रो मुलुक पलायन हुँदै जानु, मौसमी रोजगारी, दक्ष तथा सीप भएका व्यक्तिहरुलाई पर्याप्त अवसर नहुनु तथा सीपमूलक एवम् राजगारमूलक कार्यक्रमहरु संचालन नहुनुजस्ता समस्या रहेको देखिन्छ। घरपरिवारले प्राप्त गर्ने आयको वितरण असमान हुनु र अनुत्पादक क्षेत्रमा लगानी गर्नुजस्ता समस्या विद्यमान रहेको छ।  अस्थिर तथा मौसमी रोजगारी रहनु, ग्रामीण गरिबी कायम रहनु, आर्थिक र सामाजिक तथा विपद् जोखिमको हिसाबले जोखिम वर्गहरू गरिबी बन्दै जानु,  युवाहरुमा पनि वेरोजगारी र पलायत बढ्दोदरमा कायम रहनु, स्थानीय उद्योग, व्यवसाय र निर्माण  कार्यमा अन्यत्रका श्रमिकमा भर पर्नुपर्ने अवस्था रहनु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

हवाइ तथा सडक यातायातका माध्यमबाट सङ्घीय राजधानीसँग अन्तर–आवद्धता विस्तार हुनु, कोभिड १९ को महामारी कम भई आर्थिक गतिबिधिहरूमा वृद्धि हुँदै जानु, पर्यटकीय क्षेत्रमा लगानी विस्तार हुँदै जानु, नगरपालिका क्षेत्रको विकासमा सङ्घीय तथा प्रदेश सरकार, गैसस तथा निजी क्षेत्रबाट लगानी विस्तार हुँदै जानु, सांस्कृतिक तथा प्राकृतिक अनुपम सम्पदा क्षेत्रका रुपमा राष्ट्रिय अन्तर्राष्ट्रिय चासो बढदै जानु यस क्षेत्रका प्रमुख अवसरका रुपमा रहेका छन्।

## ४.३ सोच, उद्देश्य तथा रणनीति

दीर्घकालीन सोच तथा विकासको मार्गचित्रको रूपमा तयार भइ कार्यान्वयनमा रहेको वृहत नगर विकास योजनालाई प्रस्तुत मध्यमकालीन खर्च संरचनाको आधारको रुपमा लिइएको छ । साथै नगरपालिकाको चालु एवम् विगत वर्षहरूको नीति तथा कार्यक्रममा समावेश विकासको दीर्घकालीन सोच, लक्ष्य उद्देश्य तथा रणनीतिलाई पनि आधार मानिएको छ । त्यसबाहेक पन्ध्रौ राष्ट्रिय योजना, कर्णाली प्रदेश सरकारको प्रथम आवधिक योजना समेतका आधारमा यस मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहाय बमोजिम प्रस्तुत गरिएको छ।

**नगरपालिकाको दीर्घकालीन सोच**

नेपाल सरकारले लिएको "समृद्ध नेपालः सुखी नेपाली" र कर्णाली प्रदेश सरकारले लिएको "समृद्ध कर्णाली, सुखी कर्णालीबासी" दीर्घकालीन सोचसँग तादम्यता कायम हुने गरी तयार गरिएको नगरपालिकाको दीर्घकालीन सोच देहायअनुसार रहेको छः

"आत्मनिर्भर नगरपालिकाः स्वावलम्वी नगरवासी"

दीर्घकालीन सोचको व्याख्या: कृषिको आधुनिकीकरण तथा उद्योगको विकास र विस्तार, विपद् प्रतिरोधी पूर्वाधारहरूको विका, शिक्षामा गुणस्तरीयता तथा सुशासन कायम गरी नगरपालिकाभित्रै पर्याप्त रुपमा आकर्षक रोजगारी र आम्दानी वृद्धिका अवसरहरू सिर्जना गर्दै आत्मनिर्भर नगरपालिका, स्वावलम्बी नागरिक तयार गर्ने विषयलाई समग्र विकास निर्माणको दीर्घकालीन गन्तव्यका रुपमा परिकल्पना गरिएको ।

**नगरपालिकाको लक्ष्य**

भेरीगंगा नगरवासीको जीवनस्तरमा दीगो र गुणात्मक सुधार गर्ने ।

**नगरपालिकाका निर्दिष्ट उद्देश्यहरु**

१. कृषि प्रतिको आकर्षण बढ्ने साथै मानिसहरुको आर्थिक अवस्थामा सुधार आउने छ।
२. नागरिकहरुले गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइको सेवाको अवसर प्राप्त गरेका हुनेछन् र लैंगिक, जातीय लगायत कुनैपनि भेदभावको न्यूनीकरण भएको हुनेछ।
३. व्यवस्थित वस्ति, सडक, संचार र सफा उर्जाको पहुँचमा विस्तार भएको हुने।
४. वन तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र वातावरणीय सुधार र स्थानीय मानिसहरुलाई वनबाट प्राप्तहुने आर्थिक लाभ बढेको हुने।
५. नगरपालिका लगायत सार्वजनिक निकायहरुको क्षमता विकास र नगरपालिकाको आन्तरिक स्रोत अभिबृद्धि भएको हुने।

## ४.४ स्थानीय रोजगार प्रवर्द्धनका लागि लिइएको सोच लक्ष्य उद्देश्य तथा रणनीतिहरु

**सोंच** - स्थानीय सीप र श्रमको प्रवर्द्धनः भेरीगंगा समृद्धिको सान

**लक्ष्य** - स्थानीय श्रोत र साधनको एकिकृत प्रयोग गरी दिगो रोजगारीका अवसरहरुको माध्यमबाट नगरवासीको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

**उद्देश्य**

१. नगरपालिका भित्रका स्थानीय श्रोत, साधन र अवसरको प्रयोग गरी सरकारी, नीजि तथा सार्वजनिक निर्माणको क्षेत्रहरुमा स्थानीय बेरोजगार व्यक्तिलाई आन्तरिक रोजगारी, दिगो रोजगारी र स्वरोजगारीका अवसरहरु सृजना गर्ने ।
२. नगरपालिकामा श्रोतहरुलाई एकिकृत गरी गरीब र बेरोजगार केन्द्रित गरी उनीहरुको सीप तथा क्षमता विकासको माध्यमबाट उत्पादकत्व बृद्धि गरी श्रमशक्तिको वजारीकरण गर्ने ।
३. उद्यमशिलता विकास सँगै दिगो रोजगार र सामाजिक समावेशिकररण प्रवर्द्धन तथा लैङ्गिक हिंसा न्यूनीकरणका लागि सचेतना अभिवृद्धि गर्ने ।

# खण्ड - ५ : रोजगार क्षेत्र सामाजिक सुरक्षा, प्रोत्साहन र उद्यमशिलता

## ५.१ अवधारणा

अति गरिबी अवस्थामा गुज्रिरहेका, असहाय अवस्था रहेका, जोखिममा परेका वा उन्मुख व्यक्ति, घरपरिवार तथा समुदायलाई गरिबी तथा जीवनमा आउन सक्ने सम्भाव्य जोखिमहरु बाट जोगाएर सुरक्षित जीवनको सुनिश्चितता प्रदान गर्ने नीति र कार्यक्रमहरुलाई सामान्यतः सामाजिक सुरक्षा भनिन्छ। संयुक्त राष्ट्र संघको सामाजिक विकास अध्ययन केन्द्रका अनुसार सामाजिक सुरक्षाले बेरोजगार, बञ्चितीकरण, बिरामी, अपाङ्गता र बुढेसकालमा हुने सामाजिक तथा आर्थिक जोखिम व्यवस्थापन गर्न, उनीहरुको क्षमता अभिवृद्धि गर्न, व्यक्तिहरुको उक्त जोखिम कम गर्न र श्रम बजारको दक्षता अभिवृद्धि गर्न तर्जुमा गरिएको नीति तथा कार्यक्रमहरु समावेश गर्दछ ।

सामाजिक संरक्षण पद्धति तथा कार्यक्रम राज्य र नागरिक बीचको सम्बन्ध मजबुत गर्ने, प्रकोप व्यवस्थापन गर्ने, सामाजिक न्याय र समावेशी सुधार गर्ने, समाजका कमजोर व्यक्ति वा समूहका लागि आयको पुनर्वितरण गर्ने माध्यम पनि हो । नेपालमा सामाजिक सुरक्षा जालो (Social Safety Nets), सामाजिक सुरक्षा र सामाजिक संरक्षण तीनैवटा विषयहरू कहिलेकाहिँ उस्तै सन्दर्भका लागि प्रयोग गरिन्छन् र यी सबै गरिब र जोखिममा रहेका र रहन सक्ने व्यक्ति वा समूहको सेवा सुविधामा केन्द्रित रहन्छन् ।

## ५.२ ऐतिहासिक पृष्ठभूमि र विकासक्रम

सामाजिक सुरक्षाको विषय सताब्दियौं देखि सरकारी, गैर सरकारी, निजी र धार्मिक संस्थाहरुले आत्मसात गरी एकीकृत रुपमा सञ्चालन गरेको कार्य हो । औपचारिक रुपमा सामाजिक सुरक्षा कार्यक्रम विश्वमा नै सबभन्दा पहिला जर्मनीले सन् १८८० को दशक देखि बिरामी कामदारको स्वास्थ्य बीमाबाट, फ्रान्सले सन् १९०५ देखि बेरोजगारी भत्ता व्यवस्थाबाट, बेलायतले सन् १९११ देखि स्वास्थ्य बीमा, बेरोजगारी भत्ता र जेष्ठ नागरिकको बीमा वा भत्ता कार्यक्रमबाट र तत्कालीन सोभियत संघले सन् १९२२ देखि बृहत् सामाजिक सुरक्षाको व्यवस्था शुरु गरेको पाइन्छ । यसैगरी अमेरिकाले सन् १९३५ मा बेरोजगार, बृद्धबृद्धा र सेवानिवृत्त कर्मचारीका लागि भत्ता वा बीमाको व्यवस्था गरेको देखिएको छ । नेपालमा पनि करिब यसै बेलातिर प्रथम विश्वयुद्धबाट फर्केका घाइते सैनिकको सहयोगको लागि वार्षिक एकमुष्ठ रकमको सहयोग गर्ने गरेको पाइन्छ । त्यस बेलादेखि देशको क्षमताअनुसार ज्येष्ठ नागरिक, अपाङ्गताभएकाव्यक्ति, बृद्धबृद्धा, बालबालिका, गर्भवती, निबृत्त कर्मचारी, सीमान्तकृत व्यक्ति तथा समुदायका लागि विविध सेवा सुविधा प्रदान गर्ने जस्ता सामाजिक सुरक्षाका कार्यक्रममा सुधार गर्दै ल्याइएको छ ।

सामाजिक सुरक्षाको विषयलाई संयुक्त राष्ट्र संघ तथा अन्य अन्तर्राष्ट्रियस्तरका विभिन्न घोषणाहरुले सम्बोधन गरिरहेका छन् । खासगरी संयुक्त राष्ट्र संघको सन् १९४८ को मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा, सन् १९६५ को जातजाति विरुद्धका सबै किसिमका भेदभाव निर्मूलन सम्बन्धी घोषणा, सन् १९६६ को आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी घोषणा, सन् १९७९ को महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव निर्मूलनसम्बन्धी घोषणा, सन् १९८९ को बालअधिकार सम्बन्धी घोषणा, सन् २००० को सहस्राब्दी विकास लक्ष्य घोषणा, सन् २००६ को अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी घोषणा लगायतका घोषणाहरु मुख्य रूपमा रहेका छन् । अचेल विश्वका प्रायः सबै देशहरुमा कुनै न कुनै किसिमका सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालनमा रहको पाइन्छ ।

## ५.३ नेपालमा सामाजिक सुरक्षा कार्यक्रम

नेपालमा सामाजिक सुरक्षा सम्बन्धी कार्यको थालनी वि.सं. १९९१ तिर प्रथम विश्वयुद्धबाट फर्केका घाइते नेपाली सैनिकहरुलाई वार्षिक एकमुष्ठ रकम उपलब्ध गराउने प्रयाससँगै शुरु भएको देखिएको छ । त्यसपछि वि.सं. १९९८ तिर सेवा निवृत्त सैनिक र त्यसको एक बर्षपछि सेवा निवृत्त सरकारी कर्मचारीलाई निवृत्तिभरण प्रदान गर्ने कार्य शुरु भएको देखिन्छ । योजनागत रुपमा विशेषगरी छैठौं

योजनादेखि गरिब र सीमान्तकृत समूहको सवालहरूम् ध्यानदिई आधारभूत आवश्यकतालाई केन्द्रित गरी योजना तर्जुमा गरेको देखिन्छ। अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका तथा गरिबको सवाललाई योजनामा अझ प्राथमिकता दिंदै आठौं योजनामा गैरसरकारी संस्थाहरुलाई समेत विकासको साझेदारको रुपमा स्थापित गरी सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमलाई केही फरक तरिकाबाट अगाडि बढाउने प्रयास गरेको पाइन्छ । हालसम्म आउँदा बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एकल, महिला तथा विधवा, लोपोन्मुख तथा सीमान्तकृत जातजाति लगायतका नागरिकहरुका सामु आर्थिक तथा सामाजिक रुपमा उत्पन्न जोखिम वा कठिनाई व्यवस्थापन गर्न सघाउ पुर्याउने हेतुले नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रमलाई निकै सुधार र विस्तार गर्दै आएको देखिएको छ । यस कार्यक्रम अन्तर्गत नागरिकका अधिकार र सेवा, सहुलियत वा सुविधा पाउने जस्ता विषयहरु समावेश हुन्छन्।

सामाजिक सुरक्षा कार्यक्रमहरुलाई लक्षित व्यक्तिको योगदानमा आधारित हुने र नहुने गरी दुई किसिमको व्यवस्था गरिएका छन् । योगदानमूलक प्रकृतिको सामाजिक सुरक्षा कार्यक्रममा लाभग्राहीको प्रत्यक्ष योगदान रहेको हुन्छ र सामाजिक बीमाको रुपमा रहन्छ भने गैर योगदान मूलक प्रकृतिको सामाजिक सुरक्षा कार्यक्रममा लाभग्राहीको योगदान नभई पूर्णतः सरकारी योगदानबाट मात्र सहयोगको रुपमा सञ्चालन हुन्छ । यस प्रकृतिको सामाजिक सुरक्षा कार्यक्रम सरकारले आर्थिक वर्ष २०५१/०५२ देखि बृद्ध भत्ताको व्यवस्थाबाट प्रारम्भ गरेको हो । हालसम्म विभिन्न व्यक्ति वा समूहहरु यस कार्यक्रमबाट लाभान्वित भएका छन् ।

## ५.४ सामाजिक सुरक्षा कार्यक्रमको आवश्यकता

सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत मूलतः लक्षित लाभकर्तालाई नगद हस्तान्तरण वा भत्ता वितरण गरिने कार्यक्रम रहेको हुन्छ । नेपालमा सामाजिक सुरक्षा कार्यक्रमका मुख्य उद्देश्यहरु देहायनुसार रहेका छन्ः

१. राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीति बमोजिम सामाजिक न्याय प्रदान गर्नु,
२. ज्येष्ठ नागरिक, एकल महिला तथा विधवा, अपाङ्गता भएका व्यक्ति, दलित तथा लोपोन्मुख जातजाति एवम् बालबालिकाको सामाजिक सुरक्षा सम्बन्धी हक अधिकार संरक्षण गर्नु र
३. विशेष क्षेत्र, भुगोल वा कर्णाली क्षेत्र र दलित परिवारका बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउनु ।

## ५.५ प्रोत्साहन, उत्प्रेरणा र सहयोगी वातावरण

अति गरिबी अवस्थामा गुज्रिरहेका, असहाय अवस्था रहेका, जोखिममा परेका वा उन्मुख व्यक्ति, घरपरिवार तथा समुदायलाई अति गरिबी तथा जीवनमा आउन सक्ने सम्भाव्य जोखिमहरुबाट जोगाएर सुरक्षित जीवनको सुनिश्चितता प्रदान गर्ने नीति र कार्यक्रमहरुलाई मध्ये कतिपय कार्यक्रम जीवन भरी आवश्यक पर्दछ । सामाजिक सुरक्षा आवश्यक पर्ने लक्षित समूहमध्ये कतिपयलाई राज्यको तर्फबाट सधैंभरी सामाजिक सुरक्षाका विभिन्न कार्यक्रममार्फत् सुरक्षा र संरक्षण गर्नुपर्दछ । सामाजिक सुरक्षा लक्षित समूहहरुका लागि दिगो जीवनयापनका उपायहरुका लागि प्रोत्साहन र उत्प्रेरित गर्ने कार्यक्रमका साथ राज्यका तर्फबाट सोको लागि सहयोगी वातावरणहरु समेत तयार गर्नुपर्दछ । विशेषगरी स्थानीय तहको यसमा महत्वपूर्ण भूमिका रहन्छ ।

सामाजिक सुरक्षा प्राप्त गरिरहेका नागरिकहरुमध्ये आत्मनिर्भर कार्यक्रमपहरु मार्फत् उद्यमशिलतामा जोड्दै जान सकेमा सम्वन्धित व्यक्ति तथा परिवारहरु सक्षम मात्र हुदैनन सिंगो देशका लागि सामाजिक सुरक्षामा लगानी समेत कम हुँदै जान्छ । उद्यमशिलताले नै व्यक्तिलाई आम्दानीमा जोड्दछ । परिवारको खर्च घटाउँछ, बचत बढाउँछ । वास्तवमा समग्र पारिवारिक विकासका लागि परिवारको आर्थिक विकास पनि एउटा महत्वपूर्ण पक्ष भएकाले त्यसतर्फ लैजानका लागि उद्यमशिलतासँग सम्बन्धी तालिम, सिप, लगानी, स्रोत, प्रविधी जस्ता कार्यक्रमहरुमार्फत् उनीहरुलाई प्रोत्साहन, उत्प्रेरणाका साथ थप सहयोगी वातावरणका लागि नीतिगत व्यवस्था तथा बजेटको समेतको व्यवस्था गरी आत्मनिर्भरता तर्फ लैजानु पर्दछ ।

## ५.६ आत्मनिर्भरता

आयआर्जन तथा नाफा कमाउने उद्देश्यले संचालन तथा व्यवस्थापन गरिएका काम वा क्रियाकलापहरुले आत्मनिर्भरतामा वृद्धि हुन्छ। महिला तथा विपन्न वर्गको अधिकार, समानता, सहभागीता र सशक्तिकरण - यी सबैको उद्देश्य आत्मनिर्भर बनाउनु हो। कतिपय अवस्थामा हाम्रो स्वभाव अनुसार राजनीतिमा महिला सहभागीतालाई जोड दिइन्छ भने कतै उद्यमका क्षेत्रमा महिला सहभागीता भनेर

आवाज उठाइन्छ। शिक्षामा महिलालाई प्राथमिकता त पहिलो छँदैछ, त्यसको अलावा मातृत्व सुरक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा सबै क्षेत्रमा महिलालाई प्राथमिकतामा राखिनु, उनीहरूलाई स्वयम्मा जागरुक बनाउनु र हरेक क्षेत्रबाट उनीहरूलाई सकारात्मक सहयोग गरिनुपर्ने आवश्यकता छ।

धैरै स्थानीय सरकारले आफ्नो विकासको मोडेलको रुपमा आत्मनिर्भरतालाई लिएका छन्। अन्तर्निर्भरताका सबैभन्दा महत्वपूर्ण कुरा लगानीको निर्माण गर्नु हो। यसको लागि स्थानीय सरकार, बैंक तथा विभिन्न संघ/संस्थाहरुले आवश्यक वातावरण निर्माण गर्नु पर्दछ। हामी कृषि, पर्यटन उद्योग, जडिबुटीसँगै सूचना प्रविधि, शिक्षा, स्वास्थ्य लगायत अन्य सेवा क्षेत्रमा प्रवेश गरेर आफ्ना उत्पादन बेच्न सक्छौं। सेवा क्षेत्रका पनि राम्रो र सस्तो सूचना प्रविधिमा लगानी बढाउने हो भने नयाँ क्षेत्रमा पनि सेवा दिन सक्छौं र उत्पादन विकास गर्न सक्छौं। हामीले गर्दै आएका मात्र होइन, हामीले नगरेका र सम्भावना थप नयाँ क्षेत्रमा पनि हात हाल्नुपर्छ । कम आम्दानी भएका महिला तथा पछाडि परेका वर्गहरुलाई आत्मनिर्भर बनाउनको लागि र केही गरौं भन्ने भावना जगाउनको लागि उद्यमशीलताको विकास गर्न जरुरी छ। नागरिकहरुलाई सबल, सक्षम र आत्मनिर्भर बनाउन उद्यम व्यापार तथा व्यवसायमा जोड्नु नै पर्दछ ।

## ५.७ उद्यमशीलता

उद्यमशीलता उद्यमी बन्ने प्रक्रिया हो । यो एउटा उद्यमी बन्न चाहने वा उद्यमी भित्र भएको गुण वा विषेशता हो जुन उद्यम स्थापना र संचालनका लागि आवश्यक क्रियाकलापहरुसँग सम्बन्धित हुन्छ । उद्यम संचालनका लागि वाह्य वातावरणको अध्ययन गरी अवसरको पहिचान गर्दै त्यो अवसरलाई ग्राहकको चाहना, आवश्यकता र समस्या समाधान गर्न आफूसँग भएको दक्षता, क्षमता, कला, सीप, जागर, पैसा, बल, नयाँ कलाकौशल प्रयोग गरी वस्तु तथा सेवा उत्पादन गर्ने र ग्राहक सन्तुष्टि र नाफाआर्जन गर्दै एउटा उद्यम वा व्यवसायको संचालन गर्नु हो।

उद्यम तथा व्यवसाय सिर्जना, विकास तथा सञ्चालन कार्य एक पटक मात्र नगरेर निरन्तर गर्दै जानुपर्दछ । काम गर्दाको अनुभव र उत्प्रेरणाले व्यक्तिलाई रोमान्चित पार्दै जान्छ । मनमा आएका अनेक सोच, सपना, कल्पना, सृजनशील विचारलाई उसले प्रयोग गर्न थाल्छ। यस्ता कार्य गर्दा उसको धैरे समय, श्रम लगानी खर्च भईसकेको हुन्छ तर पनि उ त्यो कार्यलाई धैर्य भई सम्पन्न गर्छ। कार्य सम्पन्न हुँदैमा त्यो सफल भएको हुदैन। त्यसबेला उद्यमी तब सफल हुन्छ जब उसले आफ्नो सो अनुसार वस्तु तथा सेवा उत्पादन र प्रवाह गरी आमव्यक्तिहरु सम्म पुर्याउँछ। ग्राहकलाई त्यस्को प्रयोगको तरिका बताउँछ, बानी वा लत बसाउँछ । अनि त्यो ग्राहकको मन मनमा बस्नथाले पछि आफू सफल भएको ठान्दछ, अब विस्तारै विस्तारै त्यसलाई संसारै भरि फैलाउने चाहना राख्छ, परिमार्जन र परिस्कृत गर्दै जान्छ। यसरी यो काम निरन्तर गरिरहन्छ र सबैलाई चकित पार्दै आफूले सफलता हासिल गर्दछ । यस्तै कार्यको संगालो र रोमाञ्चकारी विषेशता नै उद्यमशीलता हो । व्यक्तिसँगको सीप प्रयोग गरी फुर्सदको समयमा थप आम्दानी गर्नाले आर्थिक रुपमा सबल तथा आत्मनिर्भर हुन सहयोग पुग्दछ । यसबाट समाज सेवा तथा राजनीति सहभागी हुन पारिवारिक वातावरण सहज बन्न सक्दछ।

**आयआर्जन स्वरोजगारी वा उद्यमशिलता र व्यवसायका फरक विशेषता**

सेवा तथा वस्तु उत्पादन, रोजगारी र आय जस्ता विषयमा समानता रहेता पनि आयआर्जन, स्वरोजगारी तथा व्यवसायबीच फरक देहायअनुसार तालिका प्रस्तुत गरिएको छः

| आधारहरू | आयआर्जन | स्वरोजगार वा उद्यमशिलता | व्यवसाय |
|---|---|---|---|
| उद्देश्य | थप आम्दानी गर्नको लागि | जीविकोपार्जन गर्नको लागि | नाफा कमाउनको लागि |
| समय | फुर्सदको समयको सदुपयोग | काममा दैनिक ८ घण्टा लागेको | निरन्तर गरिरहने |
| सीपको प्रयोग | व्यक्तिसँगको सीप प्रयोग गरी थप आम्दानी | आफ्नो सीपको प्रयोग गरी स्वरोजगार हुने | सीप कला ज्ञान प्रयोग गरी नाफाकमाउने |
| रोजगारी | अनियमित, आंशिक, सिजनमा मात्र | नियमित/अनियमित | नियमित |
| कामदार | समूह वा एक्लै गर्न सकिने | एक जनामात्रै रोजगार हुने | एकभन्दा बढी व्यक्तिहरू संलग्नहुने । |
| जोखिम | नगन्य | ठीकै हुने | तुलनामा अलि बढी |
| लगानी | कम | ठीकै हुने | तुलनामा अलि बढी |

**उद्यम वा व्यवसायका प्रकारहरु**

क) उत्पादनमूलक व्यवसाय : उत्पादनसँग सम्वन्धित उद्यम तथा व्यवसा  यसमा पर्दछन् । कृषि उत्पादन, उद्योग, प्रतिष्ठान वाअन्य जुनसुकै प्रकारको पनि उद्यम व्यवसाय उत्पादनमूलक व्यवसायमा पर्दछन् । उत्पादनमा आधारित कुनै पनि साना ठुला उत्पादन उद्यम व्यवसाय यस अन्तरगत पर्दछन् । उत्पादन हुन उद्योग प्रतिष्ठान हुनै पर्दछ भन्ने छैन । घरेलु उद्यम पनि उत्पादनसँग सम्वन्धित हुन्छन् ।

ख) सेवामूलक व्यवसाय : होटल, रेष्टुरेन्ट, पर्यटन, यातायात, अनलाइन सेवा, कम्युनिकेशन जस्ता सेवा प्रवाह गर्ने व्यवसायहरु सेवामूलक उद्यम व्यवसायमा पर्दछन् । मुख्यगरी ग्राहकलाई आवश्यक पर्ने सेवा दिएर आयआर्जन गर्ने वा नाफा कमाउने सेवामूलक व्यवसायमा पर्दछन् ।

ग) व्यापार व्यवसाय : अरुले उत्पादन गरेको सामग्रीहरु विक्री गरी नाफा कमाउने वा आयआर्जन गर्ने उद्यम व्यवसाय यस अन्तरगत पर्दछन्।

घ) मिश्रित व्यवसाय : उत्पादन, सेवामूलक र व्यापार मध्ये एकभन्दा बढी प्रकारको उद्यम व्यवसाय मिसिएको उद्यम व्यवसायलाई मिश्रित प्रकारको उद्यम व्यवसाय भनिन्छ ।

**स्थानीय तहमा संभाव्य उद्यम व्यवसाय**

स्थानीय तहमा संभाव्य उद्यम व्यवसायका केही उदाहरणहरू छलफल तथा अभ्यासका लागि देहाय अनुसार रहेका छनः

१. मौसमी तथा बेकौसमी तरकारी खेती जस्तैः काक्रा, खुर्सानी, टमाटर, बोडी खेती, च्याउ खेती
२. बगर खेती (बदाम, लौका, खरभुजा, फर्सि, काक्रा, सखरखन्ड, करेला, बरेला)
३. बङगुरपालन, कुखुरापालन, भैसीपालन, माछापालन, बाखापालन, हाँसपालन, मौरी पालन
४. सीपमूलक तालिम तथा सिपको प्रयोग
५. सिलाई कटाइ, व्युटीपार्लर, कुसन निर्माण, ढकिया, देलुवा, सुप्पा, डालो, दिलिया निर्माण
६. केरा खेती, उखु खेती,
७. सार्वजनिक शौचालय संचालन,
८. डुङ्गा संचालन,
९. सामुदायिक भवन तथा तालिम केन्द्र सञ्चालन,
१०. पुजा सामग्री पसल (सामाग्री, फुल, वेलपत्री),
११. मसला खेती, अदुवा खेती, हल्दी खेती
१२. डेरी तथा दुधजन्य उत्पादन प्रशोधन
१३. घाँस खेती (नेप्पीयर, बाँस, नर्सरी उत्पादन, मौरीपालन, च्याउ खेती)
१४. वृक्षरोपण वा वनजन्य उत्पादन
१५. होमस्टे संचालन
१६. स्थानीय परिकारका खाना जस्तै ढिकरी, घोङघी, खरिया, अन्डा, भात, गंगटो, कचरिक वरिया, फुलौरी तयारी तथा विक्री
१७. साँस्कृतिक प्रदर्शन गरेर आयआर्जन गर्ने जस्तै सखिया नाँच, झुम्रा नाँच, लठौवा नाँच
१८. अध्ययन तथा अवलोकन भ्रमण केन्द्र सञ्चालन,
१९. बेतबाँसको फर्निचर
२०. टोकरी बनाउन
२१. कुटानी वा पिसानी मिल चलाउने
२२. फलफुल तथा फूल खेती
२३. सिलाई कटाई
२४. ब्युटिपार्लर
२५. हाते कढाई तथा बुनाइ
२६. होल सेल तथा खुद्रा पसल
२७. खेलौना बनाउने
२८. जुसर पसल चलाउने
२९. अचार उत्पादन
३०. फर्निचर उद्योग
३१. इट्टा वा व्लक उद्योग
३२. व्यापार (पसल) चलाउने
३३. दुनातपरी वनाउने
३४. एग्रोभेट चलाउने
३५. फेन्सी पसलवा अरु व्यापार गर्ने
३६. सिकर्मी डकर्मी काम तथा तालिम
३७. फास्ट फुड पसल
३८. होजियारी पसल
३९. चाउमिन उद्योग
४०. नमकिन उद्योग
४१. किराना पसल
४२. मनी ट्रान्सफर चलाउने, आदि,

# खण्ड – ६ : रणनैतिक स्तम्भ : प्रमुख रणनीतिहरु

**प्रमुख स्तम्भहरु**

स्तम्भ नं १: आन्तरिक रोजगारी प्रवर्द्धन

स्तम्भ नं २ व्यवसायिक सिप, क्षमता, दक्षता अभिवृद्धि र बजारीकरण

स्तम्भ नं ३ दिगो रोजगारीका लागि सामाजिक सशक्तिकरण

स्थानीय स्तरमा दिगो रोजगारी प्रवर्द्धन मार्फत आर्थिक तथा सामाजिक सशक्तिकरण गर्नका लागि देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्वन गरिनेछः

| रणनीति | कार्यनीति |
|---|---|
| स्तम्भ १ आन्तरिक रोजगारी प्रवर्द्धन | |
| १.१ आन्तरिक रोजगारीको प्रवर्द्धन गर्ने। | • रोजगार सम्बद्ध तथ्याङ्कलाई एकिकृत गरिनेछ।<br>• सरकारी नीजि र सार्वजनिक क्षेत्रमा रोजगारीका लागि समन्वय गरिनेछ।<br>• नगरपालिका भित्रका विषयगत क्षेत्रहरुमा रोजगारीका अवसर र सेवाको विश्लेषण गरिनेछ।<br>• श्रम र रोजगारीलाई उत्प्रेरणात्मक प्रोत्साहन प्रदान गरिनेछ।<br>• स्वरोजगार तथा उद्यमशिलता प्रवर्द्धनका क्षेत्रहरुमा लागत साझेदारी गरिनेछ। |
| १.२ उत्पादनशिल तथा दिगो रोजगारीको क्षेत्र लिस्तार गर्ने। | • स्थानीय श्रोतलाई व्यवसायीकरण गरी स्वरोजगार प्रवर्द्धन गरिनेछ।<br>• स्थानीय श्रोतबाट उत्पादित वस्तुहरुको गुणस्तरीयता पूरा गरी वजारीकरणमा सहयोग गरिनेछ। |
| १.३ बेरोजगारहरुका लागि न्यूनतम रोजगारीको प्रत्याभूती दिलाउने | • आंशिक रोजगारीका क्षेत्रहरु पहिचान गरी न्यूनतम रोजगारीका लागि श्रमिक परिचालन गरिनेछ। |
| सतम्भ २ व्यवसायीक सीप क्षमता दक्षता अभिवृद्धि र बजारीकरण | |
| २१ श्रमको उत्पादकत्व बृद्धि गर्ने। | • सिप विकास सम्वद्ध सेवा प्रदायक संस्था तथा दातृ निकायहरुको समन्वय र सहकार्यमा सिप तथा क्षमता अभिवृद्धि गरिनेछ।<br>• उद्यमशिलता प्रवर्द्धनका लागि मेड मोडेलको अवलम्वन गर्ने। |
| २.२ सिपालु जनशक्तिको बजारीकरण गर्ने। | • परम्परागत सिपलाई कानूनी वैधताको लागि सहयोग गरिनेछ।<br>• सिपालु कामदारहरुलाई वाह्य बजारमा श्रम बजारमा बजारिकरण गरिनेछ। |
| २.३ वैदिशिक रोजगारीमा जाने व्यक्तिहरुलाई भर पर्दो बनाउन आन्तरिक व्यवस्थापन गर्ने | • वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि रोजगारीको माग र आपूर्तीको व्यवस्था तय गरिनेछ।<br>• वैदेशिक रोजगारका लागि जान चाहने व्यक्तिहरुका लागि सीप र दक्षता अभिवृद्धि गरी सहज गन्तव्यको लागि सहजीकरण गरिनेछ। |
| सतम्भ ३ दिगो रोजगारीका लागि सामाजिक सशक्तिकरण | |
| ३.१ दिगो रोजगारीका लागि सामाजिक सचेतना प्रदान गर्ने। | • रोजगारमा संलग्न व्यक्तिहरुलाई वित्तिय साक्षरता मार्फत आम्दानी, खर्च, लगानी र पुनर्लगानीलाई प्रभावकारी वनाइनेछ।<br>• रोजगारीमा संलग्न व्यक्तिहरुको पारिवारिक हिंसा रहित समाज निर्माणको लागि सहयोग गरिनेछ। |

माथि उल्लेखित स्तम्भ सम्वन्धी रणनीति कार्यनीतिहरुका कृयाकलापहरु समाविष्ट गरि ५ बर्षे रणनीति तय गरिएको छ।

# खण्ड – ७ : रोजगार रणनीति कार्ययोजना

| क्र सं | क्रियाकलाप | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय | समयावधि | प्रमाण अभिलेख | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| **कायानीति १: रोजगार सम्वद्ध तथ्याङ्कलाई एकिकृत गरिनेछ।** | | | | | | | |
| १ | बेरोजगारको तथ्याङ्क अद्यावधिक गर्ने | रोजगार सेवा केन्द्र | वडा कार्यालय | प्रत्येक वर्ष | E-MIS | नन् बजेट | |
| २ | व्यवसाय तथा उद्यमीहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने | रोजगार सेवा केन्द्र | वडा कार्यालय | प्रत्येक वर्ष | E-MIS | नन् बजेट | |
| ३ | वैदेशिक रोजगारमा गएका र फर्किएका व्यक्तिहरुको तथ्याङ्क अद्यावधिक गर्ने | रोजगार सेवा केन्द्र | वडा कार्यालय | प्रत्येक वर्ष | रोजगार सेवा केन्द्रको अभिखेल | नन् बजेट | |
| ४ | रोजगारदाताहरुको तथ्याङ्क अद्यावधिक गर्ने | रोजगार सेवा केन्द्र | वडा कार्यालय | प्रत्येक वर्ष | E-MIS | नन् बजेट | |
| ५ | परम्परागत सिपालु कामदारहरुको तथ्याङ्क संकलन गर्ने | रोजगार सेवा केन्द्र | वडा कार्यालय | २०८२/०८३ | E-MIS | नन् बजेट | |
| ६ | बाँझो जमिनको पहिचान र अभिलेखिकरण गर्ने | रोजगार सेवा केन्द्र | कृषी विकास शाखा | २०८२/०८३ | अभिलेख | नन् बजेट | |
| **कार्यनीति २: सरकारी, नीजि र सार्वजनिक क्षेत्रमा रोजगारीका लागि समन्वय गरिनेछ।** | | | | | | | |
| १ | रोजगार सम्वाद मञ्च गठन र छलफल गर्ने | रोजगार सेवा केन्द्र | | २०८२/०८३ | माइन्यूट | | |
| २ | सरोकारवाला र निर्माण व्यवसायीहरुसँग छलफल गर्ने | रोजगार सेवा केन्द्र | कार्यपालिका | निरन्तर | माइन्यूट | नन् बजेट | |
| ३ | नीजि तथा सार्वजनिक क्षेत्रहरुमा रोजगारीका लागि श्रमिक सम्झौता गर्ने | रोजगार सेवा केन्द्र | कार्यपालिका | आवधिक | सम्झौता पत्र | नन् बजेट | |
| ४ | रोजगारिताहरुसँग नियमित भेटघाट गर्ने | रोजगार सेवा केन्द्र | कार्यपालिका | निरन्तर | | नन् बजेट | |
| ५ | अन्तर तह, अन्तर निकायसँग रोजगारी प्रवर्द्धनका लागि श्रोत र सहकार्यका लागि निरन्तर समन्वय गर्ने | रोजगार सेवा केन्द्र | कार्यपालिका | निरन्तर | माइन्यूट | | |
| **कार्यनीति ३: नगरपालिका भित्रका विषयगत क्षेत्रहरुमा रोजगारीका अवसर र सिर्जनामा आवद्ध गरिनेछ।** | | | | | | | |
| १ | बिषयगत क्षेत्रहरुको अर्धबार्षिक योजना तथा समिक्षा बैठक | रोजगार सेवा केन्द्र | प्रशासन शाखा | निरन्तर | माइन्यूट | | |
| २ | आर्थिक विकास शाखा, उद्यम विकास शाखा र रोजगारमूलक | रोजगार सेवा केन्द्र | प्रशासन शाखा | प्रत्येक बर्ष | प्रगती प्रतिवेदन | | |

| क्र सं | क्रियाकलाप | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय | समयावधि | प्रमाण अभिलेख | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| | क्रियाकलापहररुलाई उत्पादनशिल रोजगारीमा आवद्ध | | | | | | |
| ३ | स्थानीय रोजगार रणनीति कार्यान्वयन निर्देशक समितिको त्रैमासिक बैठक | रोजगार सेवा केन्द्र | | निरन्तर | माइन्यूट | | |
| ४ | रोजगारमूलक आयोजना कार्यान्वयनका लागि अनौपचारिक छलफल | रोजगार सेवा केन्द्र | | निरन्तर | | | |
| **कार्यनीति ४: श्रम र रोजगारीका क्षेत्रहरुमा उत्प्रेरणात्मक प्रोत्साहन प्रदान गरिनेछ।** | | | | | | | |
| १ | कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन | रोजगार सेवा केन्द्र | पुर्वाधार शाखा | २०८२/०८३ | | | |
| २ | स्थानीय उत्पादित वस्तुहरुको प्रदर्शनी | उद्यम विकास शाखा | रोजगार सेवा केन्द्र | निरन्तर | | | |
| ३ | रोजगारी मेलाको आयोजना | उद्यम विकास शाखा | रोजगार सेवा केन्द्र | निरन्तर | | | |
| ४ | स्थानीय उत्पादित वस्तुहरुको प्रतिस्पर्धा, पुरस्कार र प्रोत्साहन | उद्यम विकास शाखा | रोजगार सेवा केन्द्र | निरन्तर | | | |
| ५ | स्थानीय स्तरमा उत्पालित वस्तुहरुको स्थायी स्टलेशनको व्यवस्था | नगर कार्यपालिका | रोजगार सेवा केन्द्र | निरन्तर | | | |
| **कायानीति ५: स्वरोजागर तथा उद्यमशिलता प्रवर्द्धनसँग सम्वन्धित क्षेत्रहरुमा लागत साझेदारी गरिनेछ।** | | | | | | | |
| १ | उद्यमीहरुसँग ५० प्रतिशत लागत साझेदारीमा अनुदान | विषयगत शाखाहरु | रोजगार सेवा केन्द्र | निरन्तर | | | |
| **कायानीति ६: आंशिक रोजगारीका क्षेत्रहरु पहिचान गरी न्यूनतम रोजगारीका लागि श्रमिक परिचालन गरिनेछ।** | | | | | | | |
| १ | स्थानीय स्तरमा आंशिक रोजगारीका क्षेत्रहरु पहिचान | रोजगार सेवा केन्द्र | | निरन्तर | | | |
| २ | न्यूनतम रोजगारका लागि बेरोजगार श्रमिकहरु परिचालन | रोजगार सेवा केन्द्र | प्रत्येक शाखाहरु | निरन्तर | | | |
| **कार्यनीति ७: स्थानीय श्रोतलाई व्यवसायीकरण गरी स्वरोजगार प्रवर्द्धन गर्ने।** | | | | | | | |
| १ | बाँझो जमीनमा नगदे बालीका लागि जनशक्तिको व्यवस्था | कृषी विकास शाखा | रोजगार सेवा केन्द्र | निरन्तर | | | |
| २ | बेसार खेति | कृषी विकास शाखा | रोजगार सेवा केन्द्र | निरन्तर | | | |
| ३ | अदुवा खेति | कृषी विकास शाखा | रोजगार सेवा केन्द्र | निरन्तर | | | |
| ४ | केरा खेति | कृषी विकास शाखा | रोजगार सेवा केन्द्र | निरन्तर | | | |
| ५ | अर्गानिक तरकारी खेति विस्तार | कृषी विकास | रोजगार सेवा केन्द्र | निरन्तर | | | |

| क्र सं | क्रियाकलाप | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय | समयावधि | प्रमाण अभिलेख | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| | | शाखा | | | | | |
| **कार्यनीति ८ : सीप विकास सम्वद्ध सेवा प्रदायक संस्था तथा दातृ निकायको समन्वय र सहकार्यमा सीप तथा क्षमता अभिवृद्धि गरिनेछ ।** | | | | | | | |
| १ | सीप प्राप्त गर्न इच्छुक व्यक्तिहरुको अवस्था र चाहना लिश्लेषण | रोजगार सेवा केन्द्र | उद्यम विकास शाखा | बार्षिक रुपमा | अभिलेख | | |
| २ | सेवा प्रदायक संस्थाहरुसँग सीप विकास तालिमका लागि समन्वय | रोजगार सेवा केन्द्र | उद्यम विकास शाखा | निरन्तर | उपस्थिती | नन् बजेट | |
| ३ | इच्छुक उद्यमीहरुका लागि सीप विकास तालिम | रोजगार सेवा केन्द्र | उद्यम विकास शाखा | निरन्तर | उपस्थिती | | |
| **कार्यनीति ९ : उद्यमशिलता प्रवर्द्धनका लागि मेड मोडेलको अवलम्वन गर्ने ।** | | | | | | | |
| १ | उद्यमी बन्न चाहनेहरुका लागि रुची र आवश्यकता विश्लेषण गर्ने | रोजगार सेवा केन्द्र | उद्यम विकास शाखा | प्रत्येक बर्ष पहिलो चौमासिक | उपस्थिती, प्रतिवेदन | | |
| २ | उद्यमशिलता सचेतना तथा विकास (TOPE, TOSE) तालिम | रोजगार सेवा केन्द्र | उद्यम विकास शाखा | प्रत्येक बर्ष पहिलो चौमासिक | उपस्थिती, प्रतिवेदन | | |
| ३ | विगत देखि हाल सम्म सीप प्राप्त उद्यमीहरुको सीप अद्यावधिक तथा स्तरीकरण (TOEE, TOGE समेत) | रोजगार सेवा केन्द्र | उद्यम विकास शाखा | प्रत्येक बर्ष पहिलो चौमासिक | उपस्थिती, प्रतिवेदन | | |
| ४ | उद्यमीहरुको व्यवसायीक योजना निर्माणमा सहयोग | रोजगार सेवा केन्द्र | उद्यम विकास शाखा | प्रत्येक बर्ष पहिलो चौमासिक | उपस्थिती, प्रतिवेदन | | |
| ५ | सीप प्राप्त व्यक्तिहरुलाई मागमा आधारित प्रविधि तथा वित्तिय सहयोग | रोजगार सेवा केन्द्र | उद्यम विकास शाखा | प्रत्येक बर्ष पहिलो चौमासिक | उपस्थिती, प्रतिवेदन | | |
| ६ | स्थानीय उत्पादित बस्तुहरुको व्रान्डिङ्ग, प्याकेजिङ्ग गरी बजारीकरणमा सहयोग | रोजगार सेवा केन्द्र | उद्यम विकास शाखा | प्रत्येक बर्ष पहिलो चौमासिक | उपस्थिती, प्रतिवेदन | | |
| **कार्यनीति १० : परम्परागत सीपलाई कानूनी वैधता प्राप्त गरी सीप प्रवर्द्धनका लागि सहयोग गरिनेछ ।** | | | | | | | |
| १ | परम्परागत सिपालु कामदारहरुको सीप एकिकृत गर्ने | रोजगार सेवा केन्द्र/उद्यम विकास शाखा | वडा कार्यालय | २०८२ /०८३ | माइन्यूट | | |
| २ | परम्परागत सिपालु कामदार (जस्तैः डकर्मी, सकर्मी, सिलाई कटाई गर्ने आदि) लाई सीप परीक्षणका लागि सहयोग | रोजगार सेवा केन्द्र/उद्यम विकास शाखा | वडा कार्यालय | निरन्तर | | | |
| ३ | परम्परागत सीप (बाँसबाट: डोको, डालो, थुञ्चे दाम्ला आदि, पातबाटः दुना टपरी आदि) तयारी | रोजगार सेवा केन्द्र/उद्यम विकास शाखा | वडा कार्यालय | निरन्तर | | | |

| क्र सं | क्रियाकलाप | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय | समयावधि | प्रमाण अभिलेख | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| | गर्ने व्यक्तिहरुलाई सीप स्तरीकरण र प्रोत्साहन सहयोग | | | | | | |
| ४ | परम्परागत सिप (बाँसबाट: डोको, डालो, थुञ्चे दाम्ला आदि, पातबाटः दुना टपरी आदि) बाट उत्पादित सामग्रीहरु बजारीकरण गर्न स्थायी स्टल  निर्माण | रोजगार सेवा केन्द्र/उद्यम विकास शाखा | वडा कार्यालय | निरन्तर | | | |
| **कार्यनीति ११ : सिपालु कामदारहरुलाई वाह्य बजारमा श्रम बजारमा बजारीकरण गरिनेछ।** | | | | | | | |
| १ | वैदिशिक रोजगारीबाट फर्किएको सिपालु कामदारलाई सम्वन्धित सीपको प्रशिक्षक खटाउने | रोजगार सेवा केन्द्र | वडा कार्यालय | निरन्तर | माइन्यूट | | |
| २ | वैदिशिक रोजगारीबाट फर्किएको सिपालु कामदारलाई सम्वन्धित सीप परीक्षणकको लागि सहजीकरण | रोजगार सेवा केन्द्र | वडा कार्यालय | निरन्तर | माइन्यूट | | |
| ३ | वैदिशिक रोजगारीबाट फर्किएको सिपालु कामदारलाई नगर बाहिर समेत बजार खोजीका लागि सहजीकरण | रोजगार सेवा केन्द्र | वडा कार्यालय | निरन्तर | माइन्यूट | | |
| **कार्यनीति १२ : वैदिशिक रोजगारीमा जाने व्यक्तिहरु, रोजगारीको माग र आपूर्तीको व्यवस्था तय गरिनेछ।** | | | | | | | |
| | वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई रोजगारी सम्वन्धी सुचना सम्प्रेषण | रोजगार सेवा केन्द्र | वडा कार्यालय | निरन्तर | E-MIS | | |
| | श्रम अडिटको व्यवस्था | रोजगार सेवा केन्द्र | वडा कार्यालय | वार्षिक | प्रतिवेदन | | |
| **कार्यनीति १३ वैदेशिक रोजगारका लागि जान चाहने व्यक्तिहरुका लागि सीप र क्षमता अभवृद्धि गरी सहज गन्तव्यको लागि सहजिकरण गरिनेछ।** | | | | | | | |
| १ | वैदेशिक रोजगारमा जान चाहनेहरुका लागि श्रम स्विकृति र पुनः श्रम स्विकृतिका लागि सहजीकरण | रोजगार सेवा केन्द्र | नगरपालिका | निरन्तर | | | |
| २ | वैदेशिक रोजगारमा जान चाहनेहरुका लागि  सुरक्षित गन्तव्यका लागि अभिमुखिकरण | रोजगार सेवा केन्द्र | नगरपालिका | निरन्तर | माइन्युट | | |
| **कार्यनीति १४ : रोजगारमा संलग्न व्यक्तिहरुलाई वित्तिय साक्षरता मार्फत आम्दानी, खर्च, लगानी र पुनर्लगानीलाई प्रभावकारी वनाइनेछ।** | | | | | | | |
| १ | रोजगारमा संलग्न व्यक्ति तथा उद्यमीहरुलाई वित्तिय साक्षरता कक्षा सञ्चालन | रोजगार सेवा केन्द्र | बैंक / वित्तिय संस्थाहरु | बार्षिक रुपमा | उपस्थिति विवरण | | |
| २ | अति विपन्न बेरोजगार व्यक्तिहरुको लागि दैनिक रुटिन | रोजगार सेवा केन्द्र | उद्यम विकास शाखा | निरन्तर | उपस्थिति विवरण | | |

| क्र सं | क्रियाकलाप | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय | समयावधि | प्रमाण अभिलेख | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| | तयारी र पृष्टपोषण | | | | | | |
| ३ | वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुसँग अनुभव आदान प्रदान | रोजगार सेवा केन्द्र | उद्यम विकास शाखा | निरन्तर | उपस्थिति विवरण | | |
| ४ | घरधुरी तहमा गरीवि न्यूनीकरण सम्वन्धी व्यवहार परिवर्तनका लागि परामर्श | रोजगार सेवा केन्द्र | उद्यम विकास शाखा | बार्षिक रुपमा | उपस्थिति विवरण | | |
| ५ | रोजगार प्रवर्द्धन र यसका लागि स्थानीय श्रोतको उपयोग सम्वन्धी अभिमुखिकरण | रोजगार सेवा केन्द्र | उद्यम विकास शाखा | निरन्तर | उपस्थिति विवरण | | |
| ६ | सहकारी मार्फत आय आर्जनमा प्रेरित हुन अभिमूखिकरण | रोजगार सेवा केन्द्र | सहकारी शाखा | निरन्तर | उपस्थिति विवरण | | |
| **कार्यनीति १५ : रोजगारीमा संलग्न व्यक्तिहरुको घरेलु हिंसा रहित समाज निर्माणको लागि सहयोग गरिनेछ।** | | | | | | | |
| १ | नयाँ रोजगार प्राप्त (विशेष गरी महिला) घरेलु हिंसा न्यूनीकरण सम्वन्धी परामर्श तथा सचेतना तालिम | रोजगार सेवा केन्द्र | महिला वालवालिका शाखा | निरन्तर | उपस्थिति, प्रतिवेदन | | |
| २ | महिला रोजगारीमा संलग्न भएको परिवारमा कार्यबोझ न्यूनीकरण सम्वन्धी परामर्श/ अभिमूखिकरण | रोजगार सेवा केन्द्र | महिला वालवालिका शाखा | निरन्तर | उपस्थिति, प्रतिवेदन | | |
| ३ | पारिवारीक उत्थानशिलता सम्वन्धी तालिम र परामर्श | रोजगार सेवा केन्द्र | महिला वालवालिका शाखा | निरन्तर | उपस्थिति, प्रतिवेदन | | |

# खण्ड - ८ : रोजगार रणनीति नतिजा खाका

| क्र स | नतिजा सूचक | एकाइ | आधार तथ्याङ्क ८१/८२ | लक्ष्य (आ व अनुसार) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ |
| १ | बेरोजगारको तथ्याङ्क संकलन र अद्यावधिक | संख्या | ५२७० | ६००० | ६५०० | ७००० | ८००० | १०००० |
| २ | सरोकारवाला र निर्माण व्यवसायीहरुसँग छलफल | पटक | १ | २ | २ | ३ | ३ | ४ |
| ३ | नीजि तथा सार्वजनिक क्षेत्रहरुमा रोजगारीका लागि श्रमिक सम्झौता | पटक | ० | ५ | ५ | ७ | ७ | १० |
| ४ | बिषयगत क्षेत्रहरुको अर्धबार्षिक योजना तथा समिक्षा बैठक | पटक | २ | २ | २ | २ | २ | २ |
| ५ | आर्थिक विकास शाखा, उद्यम विकास शाखा र रोजगारमूलक क्रियाकलापहरुलाई उत्पादनशिल रोजगारीमा आवद्ध | संख्या | १०० | ३०० | ४०० | ५०० | ६५० | ८०० |
| ६ | स्थानीय रोजगार रणनीति कार्यान्वयन स्थानीय निर्देशक समितिको त्रैमासिक बैठक | पटक | १ | ३ | ३ | ३ | ३ | ३ |
| ७ | कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन | संख्या | ४१ | ४५ | ५० | ६० | ७० | ८० |
| ८ | स्थानीय उत्पादन गरी प्रवर्द्धन गर्ने बस्तुको संख्या | संख्या | ३ | ५ | ७ | ८ | ९ | १० |
| ९ | उद्यमीहरुसँग ५० प्रतिशत लागत साझेदारीमा अनुदान | संख्या | ० | २० | ३० | ४० | ५० | ७५ |
| १० | आंशिक रोजगारीमा संलग्न हुनेको संख्या | संख्या | ४५०० | ५००० | ६००० | ७००० | ८५०० | १०००० |
| ११ | बेसार खेति विस्तार | घरधुरी | ० | १०० | १५० | २०० | २५० | ३०० |
| १२ | अदुवा खेति विस्तार | घरधुरी | ० | १०० | १५० | २०० | २५० | ३०० |
| १३ | केरा खेति विस्तार | घरधुरी | ० | ४० | ५० | ६५ | ७५ | ९० |
| १४ | अर्गानिक तरकारी खेति विस्तार | घरधुरी | ० | २५ | ३५ | ५० | ६० | ७५ |
| १५ | सीपमूलक तालिम प्राप्त गर्नेको संख्या | संख्या | ५० | ८० | १३५ | १७५ | २०० | २५० |
| १६ | मेड मोडेलबाट भएका उद्यमीहरुको संख्या | संख्या | १०० | १२५ | १५० | १७५ | २०० | २४० |
| १७ | परम्नपरागत सीपबाट स्थानीय सामग्री उत्पादन गर्न संलग्न हुनेको उद्यमीको संख्या | संख्या | ० | ५ | १० | १५ | २० | ३० |
| १८ | परम्परागत सीपबाट स्थानीय सामग्री उत्पादन बजारीकरण/ स्टल संख्या | संख्या | ० | १ | १ | २ | २ | ३ |
| १९ | वैदेशिक रोजगारीबाट फर्किएको सिपालु कामदारले स्थानीय स्तरमा सीप प्रयोग गर्नेको संख्या | संख्या | ० | २० | २५ | ३५ | ५० | ७५ |
| २० | श्रम स्विकृती प्राप्त गरेर वैदेशिक रोजगारमा जानेको संख्या | संख्या | ५० | १०० | १४० | १८० | २३० | २७५ |
| २१ | अति विपन्न बेरोजगार व्यक्तिहरुको जीवनमा तुलनात्मक परिवर्तन हुनेको घरधुरी संख्या | संख्या | ० | २५ | ३० | ४० | ५० | ६५ |
| २२ | घरधुरी तहमा गरीबि न्यूनीकरण सम्वन्धी व्यवहार सुधार भएको परिवारको संख्या | संख्या | ० | १० | १५ | २५ | ४० | ५० |
| २३ | पारिवारीक उत्थानशिलता प्राप्त गर्ने घरधुरी संख्या | संख्या | ० | ३० | ५० | ७५ | १०० | १५० |

# खण्ड – ९ : श्रोत परिचालन र वजेट व्यवस्थापन

भेरीगंगा नगरपालिकाको रोजागर रणनीति कार्यान्वयनको अवस्था र आगामि क्रियाकलाप तर्जुमा गर्न प्रत्येक वर्ष नगरपालिकाको बार्षिक नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्नु पुर्व यस रणनीतिको कार्यान्वयनको समिक्षा गर्नुपर्नेछ। समिक्षाबाट प्राप्त उपलव्धिलाई स्थानीय निर्देशक समितिले कार्यपालिकामा पेश गर्नुपर्नेछ।

रणनीतिक योजनाको कार्यान्वयन गर्दा नगरपालिकामा प्राप्त विभिन्न अनुदान सशर्त बजेट, नगरपालिकाको आन्तरिक श्रोतको विश्लेषण गरी योजना तय गरिनेछ।यो रणनीतिको कार्यान्वयन तथा बजेट व्यवस्थापनको लागि वैक वित्तिय तथा सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र, नीजि क्षेत्र, विकास साझेदार लगायतका निकायसँग समन्वय तथा सहकार्य गरिनेछ।

यस रोजगार रणनीति कार्यान्वयनबाट अपेक्षित उपलव्धि र प्रतिफल प्राप्त भए नभएको सम्बन्धमा प्रत्येक दुई बर्षमा स्थानीय तह आफै वा स्वतन्त्र नीति समिक्षक व्यक्ति वा संस्थाबाट रणनीतिको समिक्षा वा पुनरावलोकन गरिनेछ।

# खण्ड – १० : निर्देशक समिति, अनुगमन र मूल्याङ्कन

यस रोजगार रणनीतिका क्रियाकलापहरु सहजीकरण, अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन गर्नको लागि रोजगारीको हक सम्वन्धी नियमावली २०७५ बमोजिमको रणनीतिक योजनाको स्थानीय निर्देशक समिति गठन गर्नुपर्नेछ । उक्त निर्देशक समिति नगर कार्यपालिकाको निर्णयबाट देहाय बमोजिम गठन हुनेछः

(क) नगर प्रमुख – संयोजक

(ख) नगर उपप्रमुख – सदस्य

(ग) नगर प्रमुखले तोकेका वडा अध्यक्ष दुईजना – सदस्य

(घ) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ङ) रोजगार संयोजक – सदस्य सचिव

स्थानीय निर्देशक समितिको सचिवालय नगर कार्यपालिकामा रहनेछ ।

निर्देशक समितिमा स्थानीय तहमा रहेका रोजगारदाता, सीप विकास प्रतिष्ठान लगायत अध्ययन् अनुसन्धान गर्ने निकाय वा निर्देशक समितिले सम्बन्धित विषयको विज्ञलाई सदस्यको रुपमा नियुक्त गर्न वा आमन्त्रण गर्न सक्नेछ ।

**स्थानीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–**

(क) सम्बन्धित स्थानीय तह भित्रको श्रम बजारको माग र विद्यमान जनशक्तिको उपलब्धताको विश्लेषण र प्रक्षेपण गर्ने,

(ख) बेरोजगार व्यक्तिका लागि रोजगार वा स्वरोजगारको व्यवस्था गर्न आवश्यक नीति नगरकार्यपालिका समक्ष सिफारिस गर्ने,

(ग) सम्बन्धित स्थानीय तह भित्रको बेरोजगार व्यक्तिको अद्यावधिक अभिलेख तयार गर्न रोजगार सेवा केन्द्रलाई मार्गदर्शन गर्ने,

(घ) स्थानीय तहभित्र सञ्चालित रोजगार कार्यक्रम तथा बेरोजगार सहायता कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) समितिले दिएको मार्गदर्शन बमोजिम काम गर्ने ।

# खण्ड – ११ : जोखिम व्यवस्थापन

यो स्थानीय रोजगार रणनीति कार्यान्वयनको लागि क्षमता, दक्षता तथा श्रोत साधन सम्वन्धी जोखिम सिर्जना हुन सक्छ । स्थानीय तहले जोखिम व्यवस्थापनका लागि पहिचान भएका क्षेत्र तथा जोखिम न्यूनीकरणका उपायहरुलाई समेत बार्षिक नीति योजना कार्यक्रम तथा बजेट तर्जुमा गर्दा ध्यानदिनु पर्नेछ । यस किसिमको जोखिम व्यवस्थापनको लागि स्थानीय रोजगार रणनीति कार्यान्वयन निर्देशक समितिले छलफल गरी पुनरावलोकन गर्नेछ ।

**रणनीति कार्यान्वयनका सम्भावित जोखिमहरु**

क. स्रोतको व्यवस्थापन

ख. विभिन्न निकायहरु बीच समन्वय र सहकार्य

**रोजगार रणनीति कार्यान्वयनमा जोखिम व्यवस्थापनका लागि ध्यान दिनुपर्ने कुराहरु**

१) रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि विकास साझेदारहरुसँग श्रोत व्यवस्थापनको लागि समन्वय र सहकार्य गर्ने,

२) रणनीतिक योजनामा समावेश भएका क्रियाकलापहरुलाई तहगत रुपमा वर्गीकरण गरि कुन वर्षमा के गर्ने भन्ने प्राथामिकीकरण गर्ने,

३) नगरपालिकाभित्र रोजगारीको क्षेत्रमा काम गर्ने सम्पूर्ण निकाय एवम् संघसंस्थाहरु बीच साझा बुझाई कायम गर्ने,

४) रणनीतिक योजना कार्यान्वयनका लागि स्थानीय निर्देशक समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्ने,

५) रोजगारीका कार्यक्रम सञ्चालनको लागि आवश्यकता अनुसार विभिन्न निकाय, संघ संस्थाहरुसँग समन्वय, सहकार्य र सम्बन्ध विस्तार गर्ने।

# खण्ड – १२ : कार्यक्रमको स्विकृति र कार्यान्वयन

स्थानीय तहको रणनीति तर्जुमा गरी स्थानीय तहको अधिकार क्षेत्र भित्र कार्यान्वयन गर्ने गरी स्थानीय तहको कार्यपालिकाले स्विकृत गरी नगरसभामा पेश गरी नगरसभाले स्वीकृत गरे पश्चात यो स्थानीय रोजगार रणनीति लागु हुनेछ।

## अनुसूची – १

(स्थानीय तहको रोजगार रणनीति तर्जुमा दिग्दर्शन २०८० को बुँदा नं. ७.४ संग सम्बन्धित)

**स्थानीय तहको रोजगार रणनीति तर्जुमा गर्ने प्रयोजनको लागि रोजगारदातासंग गर्ने सर्वेक्षण फाराम**

स्थानीय तहको रोजगार रणनीतत तर्जुमा गर्ने प्रयोजनको लागि यस गाउँपालिका/नगरपालिकामा रहेका रोजगारदातालाई श्रमिकको आपूर्ति तथा सीप तथा क्षमता विकासको मागको अध्ययन् गर्न यो प्रश्नावली तयार गरिएको छ । आगामि दिनमा स्थानीय तहमा श्रमिक तथा सीप क्षमताको सम्वन्धमा कार्यनीति एवम् कार्यक्रम तर्जुमा गर्नको लागि गर्न लागिएको यो सर्वेक्षणका विवरणहरु गोप्य रहनेछन् ।

**१. रोजगारदाताको नामः ..............................................**

**२. ठेगाना: वडा नं. ............. टोल / वस्ती: ...........................**

**३. रोजगारदाताको प्रकृति (कुनै एकमा √ लगाउनु होस):**

(क) कृयि, बन तथा मत्स्र्यपालन उत्पादन
(ख) खानी तथा उत्खनन
(ग) उद्योग
(घ) विद्युत, ग्याँस, एयरकण्डिसन आदि
(ङ) खानेपानी, ढल, फोहोरमैला व्यवस्थापन
(च) निर्माण व्यवसायी
(छ) खुद्रा तथा होलसेल व्यापार
(ज) यातायात तथा भण्डारण
(झ) पर्यटन, होटल तथा रेष्टुरेन्ट
(ञ) सूचना प्रविधि
(ट) वित्तीय /इन्सुरेन्स सेवा
(ठ) रियलस्टेट सम्बन्धी व्यापार
(ड) सेवा तथा परामर्श सम्बन्धी सेवा
(ढ) प्रशासकीय लगायतका सेवा
(ण) शिक्षा
(त) स्वास्थ्य तथा सामाजिक सेवा
(थ) कला, मनोरञ्जन
(द) अन्य ..........................

**४. रोजगारदाता प्रकृति (कुनै एकमा √ लगाउनु होस):**

(क) ठुला प्रतिष्ठान
(ख) साना तथा मझौंला उद्योग प्रतिष्ठान
(ग) मौषमी
(घ) राष्ट्रिय र अन्तराष्ट्रिय गैरसरकारी
(ङ) अन्तराष्ट्रिय प्रतिष्ठान
(च) अन्य..........................

**५. उत्तरदाता: (कुनै एकमा √ लगाउनु होस)**

(क) रोजगारदाता
(ख) कर्मचारी
(ग) परिवारको सदस्य
(घ) अन्य.......................

**६. आगामी ५ वर्षमा यहाँको व्यवसाय बढ्ने देख्नु हुन्छ ? (कुनै एकमा √ लगाउनु होस)**

(क) देख्दिन (प्रश्न ८ मा जानुहोस्।)
(ख) थाहा छैन (प्रश्न ८ मा जानुहोस्।)

(ग) बढ्न सक्छ (यदि यस बुँदामा सहमत भएमा प्रश्न नं. ७ को उत्तर दिनु होस्।)

**७. यदी व्यावसाय बढ्ने देख्नु हुन्छ भने कति प्रतिशतले बढ्ने आँकलन गर्नु हुन्छ? (कुनै एकमा √ लगाउनु होस)**

(क) ५% सम्र्

(ख) ५-१०%

(ग) १०-२०%

(घ) २०-50%

(ङ) ५०% भन्दा अधिक

**८. यहाँको उद्योग तथा प्रतिष्ठानको लागि उपयुक्त जनशक्ति प्राप्त गर्नु भएको छ? (कुनै एकमा √ लगाउनु होस)**

(क) छ

यदी छ भने कुन कुन काम गर्ने र कुन तहको कर्मचारी नियुक्त गर्नु भएको छ?

अ. ..............................

आ. ...........................

इ. .............................

(ख) छैन

यदि छैन भने कुन काम गर्ने कुन तहको कर्मचारी खोजी गरि रहनु भएको छ?

अ. ..............................

आ. ...........................

इ. .............................

**९. यहाँको उद्योग तथा प्रतिष्ठानको बृद्धिको लागि स्थानीय सरकारबाट के कस्ता सहयोगको अपेक्षा गर्नु भएको छ? (उत्तर एक भन्दा अधिक हुन सक्ने हुनाले आवश्यक सबै बुँदाहरुमा √ लगाउन सकिने।)**

(क) उपयुक्त स्थानीय नीति

(ख) श्रमिकको आपूर्तिमा सहयोग

(ग) सीप तथा क्षमता विकासमा सहयोग

(घ) बजारीकरणमा सहयोग

(ङ) अन्य निकायमा सहजिकरण गर्नमा सहयोग

(च) अन्य...................................................... ........................

**१०. स्थानीय आर्थिक विकासका लागि कुन क्षेत्रमा विकास हुन आवश्यक देख्नु हुन्छ?**

………………………………… ………..………………………… ……………………..……………

………………………………… ………..………………………… ……………………..……………

………………………………… ………..………………………… ……………………..……………

धन्यवाद ।

## अनुसूची – २

(स्थानीय तहको रोजगार रणनीति तर्जुमा दिग्दर्शन २०८० को बुँदा नं. ७.6 संग सम्बन्धित)

**सम्बन्धित सरोकारवालाको धारणा संकलन गर्ने सम्बन्धी प्रश्नावली**

स्थानीय तहको रोजगार रणनीति तर्जुमा गर्ने प्रयोजनको लागि यस गाउँपालिका/नगरपालिकामा के कस्ता क्षेत्रमा ध्यान दिनु पर्ने एवम् कसरी स्थानीय तहको रोजगारी (स्वरोजगारी सहित) अभिबृद्धि गर्ने प्रयोजनको लागि सरोकारवालाको धारणा / सुझाव संकलन गर्ने प्रयोजनको लागि यो प्रश्नावली तयार गरिएको छ।

**१. नामः** ....................................................................

**२. ठेगानाः** (क) स्थानीय (ख) वाह्य जिल्लाको / अन्य

**३. पेशाः**

(क) राजनीति (ख) कृषि

(ग) सरकारी कर्मचारी, (घ) गैरसरकारी / समाजसेवा

(ङ) व्यापार (च) विद्यार्थी

(छ) उद्योग प्रतिष्ठानमा कार्यरत (ज) कला साहित्य

(झ) प्लान्ट/मेसिन अपरेटर/मेकानिक (ञ) अन्य मर्मत तथा सम्भार

(ट) ज्यालादारी कार्य (ठ) अन्य ..............

**४. यस पालिकाको आर्थिक विकासका लागि कुन क्षेत्रमा ध्यान दिनु पर्ने देख्नुहुन्छ ?**

(क) कृषि, बन तथा मत्स्र्यपालन उत्पादन (ख) खानी तथा उत्खनन्

(ग) उद्योग (घ) विद्युत, ग्याँस, एयरकण्डिसन आदि

(ङ) खानेपानी, ढल, फोहोरमैला व्यवस्थापन (च) निर्माण व्यवसायी

(छ) खुद्रा तथा होलसेल व्यापार (ज) यातायात तथा भण्डारण

(झ) पर्यटन, होटल तथा रेष्टुरेन्ट (ञ) सूचना प्रविधि

(ट) वित्तीय/इन्सुरेन्स सेवा (ठ) रियलस्टेट सम्बन्धी व्यापार

(ड) सेवा तथा परामर्श सम्बन्धी सेवा (ढ) प्रशासकिय लगायतका सेवा

(ण) शिक्षा (त) स्वास्थ्य तथा सामाजिक सेवा

(थ) कला, मनोरञ्जन (द) अन्य ..........................

**५. स्थानीय तहको रोजगार/स्वरोजगार अभिबृद्धिका चुनौतिहरु के के र कसरी समाधान गर्न सकिन्छ?**

| क्र स | चुनौतिहरु | समाधानका उपायहरु |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |

**६. वर्तमान समयमा उपलव्ध जनशक्तिलाई रोजगारी वा स्वरोजगारीमा संलग्न गर्न के गर्नु पर्ने देख्नुहुन्छ?**

………………………………… ……….……………………… ……………………..……………

………………………………… ……….……………………… ……………………..……………

**७. आगामि ५ बर्षमा यस नगरपालिकामा कुन कुन क्षेत्रमा रोजगारी श्रृजना हुने देख्नु हुन्छ?**

(क) कृषि, बन तथा मत्स्र्यपालन उत्पादन

(ख) खानी तथा उत्खनन्

(ग) उद्योग

(घ) विद्युत, ग्याँस, एयरकण्डिसन आदि

(ङ) खानेपानी, ढल, फोहोरमैला व्यवस्थापन

(च) निर्माण व्यवसायी

(छ) खुद्रा तथा होलसेल व्यापार

(ज) यातायात तथा भण्डारण

(झ) पर्यटन, होटल तथा रेष्टुरेन्ट

(ञ) सूचना प्रविधि

(ट) वित्तीय/इन्सुरेन्स सेवा

(ठ) रियलस्टेट सम्बन्धी व्यापार

(ड) सेवा तथा परामर्श सम्बन्धी सेवा

(ढ) प्रशासकिय लगायतका सेवा

(ण) शिक्षा

(त) स्वास्थ्य तथा सामाजिक सेवा

(थ) कला, मनोरञ्जन

(द) अन्य ……………………..

**८. बुँदा नं. ४ मा रहेका क्षेत्रमा रोजगारी सिर्जना गर्न के कस्ता क्रियाकलापहरु कार्यान्वयनमा ल्याउनु पर्ने देख्नुहुन्छ?**

(क) सीप विकास (कस्तो प्रकृतिको सीप? सीप विकास पश्चात रोजगारी/स्वरोजगारीमा जान सक्ने आधारहरु के के हुन?)

………………………………… ……….……………………… ……………………..……………

………………………………… ……….……………………… ……………………..……………

(ख) उत्पादन अभिबृद्धिसंग सम्बन्धीत (कुन उत्पादन अभिबृद्धि गर्ने र उत्पादित सामग्रिको बजारिकरण कसरी गने?)

………………………………… ……….……………………… ……………………..……………

………………………………… ………..……………………… ……………………..……………

(ग) कस्ता व्यक्तिलाई रोजगारमूलक सेवा प्रदान गर्नु पर्ने देख्नुहुन्छ?

………………………………… ………..……………………… ……………………..……………

………………………………… ………..……………………… ……………………..……………

(घ) अन्य

………………………………… ………..……………………… ……………………..……………
………………………………… ………..……………………… ……………………..……………

**९. बुँदा ७ र ८ का क्रियाकलाप कार्यान्वयन गर्न स्थानीय सरकारको के कस्तो भूमिका हुनु पर्दछ?**

………………………………… ………..……………………… ……………………..……………
………………………………… ………..……………………… ……………………..……………

**१०. स्थानीय तहको अन्य तकियको भूमिका के हुनु पर्ने देख्नुहुन्छ?**

………………………………… ………..……………………… ……………………..……………
………………………………… ………..……………………… ……………………..……………

**११. अन्य सुझाव र सल्लाह भएमा**

………………………………… ………..……………………… ……………………..……………
………………………………… ………..……………………… ……………………..……………

धन्यवाद।